जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक १५, २०७७ साल पुस १० गते शुक्रबार, नेपाल संवत् ११४१ (Dec. 25, 2020) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## खाद्यान्नमा परनिर्भरता बढ्यो

काठमाडौं । पाँच महिनामै ३३ अर्ब ३ करोड ९३ लाख ५४ हजार रुपैयाँको चामल आयात भएको छ । चार महिनामा २५ अर्ब रुपैयाँको खाद्यान्न आयात भएको थियो । कृषिप्रधान मुलुक नेपालले स्थानीय उत्पादनले माग धान्न नसकेपछि सो परिणाममा चामल आयात गरेको हो ।

स्थानीय उत्पादनले माग धान्न नसकेपछि १८ अर्ब १९ करोड ६५ लाख ९५ हजार रुपैयाँ बराबरको चामल बाँकी ८ पेजमा

## मेस्सीले तोडे पेलेको कीर्तिमान

लन्डन । एकै क्लबबाट धेरै गोल गर्ने पेलेको कीर्तिमान लियोनल मेस्सीले भंग गरेका छन् । उनले स्पेनिस क्लब बार्सिलोनाबाट ६ सय ४४ गोल गरेर ब्राजिली लिजेण्ड पेलेको कीर्तिमान भंग गरेका हुन् ।

स्पेनिस ला लिगा फुटबलमा गएराति बार्सिलोनाले रियल भालाडोलिड ३-० ले पराजित गरेको खेलमा मेस्सीले १ गोल गरे । ब्राजिली लिजेण्ड पेलेले १९ सिजन सान्तोषबाट खेल्दै ६ सय ४३ गोल गरेका थिए ।

बार्सिलोनाका लागि थप गोल क्लेमेन्ट लिन्गलेट बाँकी ८ पेजमा

# मुठभेडतर्फ अघि बढ्दै मुलुकको राजनीति

काठमाडौं । तत्कालीन एमाले र माओवादी केन्द्रबीच ३ जेठ २०७५ मा भएको एकीकरणको समीकरण भत्किएर अन्ततः सत्तारुढ नेकपा राजनीतिक रुपले विभाजित भएको छ । यद्यपि ओली र प्रचण्ड-माधव नेपाल दुवै समूहले पार्टी विभाजन नभएको दाबी गरेका छन् । तत्कालीन एमालेबाट दुई सय ४१ र माओवादी केन्द्रबाट दुई सय जना समेटिएर बनेको केन्द्रीय कमिटीको समीकरणमा व्यापक फेरबदल आउने गरी नेकपा अब कानुनी हिसाबले विभाजोन्मुख छ ।

तत्कालीन एमालेका तर्फबाट केपी ओली र माओवादी केन्द्रका तर्फबाट प्रचण्ड अध्यक्ष रहेकोमा दुई अध्यक्ष दुईतिर भएका छन् । प्रचण्ड-नेपाल नेकपाले ओलीलाई कारबाही गर्दै रिक्त पदमा वरिष्ठ नेता माधवकुमार नेपाललाई चयन गरेको छ । यो पक्षले साविक केन्द्रीय कमिटीका ३ सय १५ जना रहेको दाबी गरेको छ । गत मंगलबार दुवै पक्षको अलग अलग बैठक बस्यो । ओली समूहको बैठकले १ हजार १ सय ९९ सदस्यीय महाधिवेशन आयोजक कमिटी बनाएको छ । उक्त कमिटीको बैठक हिजो बसेको छ । ओली पक्षले नेकपाका कुनै पनि नेतालाई नहटाई नयाँ केन्द्रीय सदस्य मात्र थप गरेको छ । जसअनुसार मौजुदा ४४७, मनोनित ५५६ गरी हाल १ हजार सात सदस्यीय केन्द्रीय कमिटी बनाएका हुन् । बाँकी रहेका १९६ केन्द्रीय सदस्य पछि थप गरिने छन् ।

यसअघि माघमा बसेको नेकपाको केन्द्रीय कमिटी बैठकले २०७७ चैतमा महाधिवेशन गर्ने निर्णय गरेको थियो । पूर्व एमाले र माओवादी केन्द्र मिलेर बनेको नेकपा एकता प्रक्रिया समेत पूरा नगरी आखिर विखण्डित भएको छ । ओली पक्षले आउने मंसिरमा महाधिवेशन गर्ने निर्णय गरेको छ । यो पक्षले प्रवक्ता नारायणकाजी श्रेष्ठलाई हटाएर परराष्ट्रमन्त्री समेत रहेका स्थायी कमिटी सदस्य प्रदीप ज्ञवालीलाई जिम्मेवारी दिएको छ । केन्द्रीय सदस्य थप गरिएकामध्ये अधिकांश पूर्व एमालेका नेता कार्यकर्ता रहेका छन् । ओली पक्षमा पूर्व माओवादीका टोपबहादुर रायमाझी, लेखराज भट्ट,



मणि थापा लगायतका नेता सहभागी भएका छन् । ओली र प्रचण्ड नेपाल पक्ष अब नेकपाको आधिकारिकताको लडाइँमा छन् । पार्टी एकीकरणका बेला निर्वाचन आयोगमा नाम बुझाइएका ४ सय ४७ मध्ये १२० जना केन्द्रीय सदस्य ओली पक्षमा देखिएका छन् । दुवै पक्षले मूल पार्टी आफ्नो भएको दाबी गरेका छन् । मूलधार कुन हो ? र मूल पार्टी कुन हो ? चुनावचिन्ह सूर्य कसको हुने निर्णय अब निर्वाचन आयोगले गर्नेछ । दुवै पक्षले सूर्य चिन्हप्रति मोह देखाएका छन् ।

तत्कालीन एमाले र माओवादी केन्द्रको एकीकरणका क्रममा पार्टीको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) चुनाव चिन्ह सूर्य राख्ने सहमति भएको थियो । त्यस्तै पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद लेनिनवाद रहने र दुवै पार्टीले अपनाउँदै आएकोमध्ये साविक एमालेको मार्गदर्शक सिद्धान्त जनताको बहुदलीय जनवाद र माओवादी केन्द्रको माओवाद र एक्काइसौं शताब्दीको जनवाद महाधिवेशनमा बहसमा लगेर फैसला गर्ने समझदारी भएको थियो । पार्टीको सांगठनिक संरचनामा दुई जना अध्यक्ष रहेको ४ सय ४१ सदस्यीय केन्द्रीय कमिटी रहने गरी ६०।४० को अनुपातमा भागबन्डा टुंगिएको थियो । एकता महाधिवेशनसम्मको अन्तरिम कालका लागि पार्टीको कार्यदिशा जनताको जनवाद अवलम्बन गर्ने सहमति भएको थियो । तर पार्टी एकीकरणले पूर्णता पाएर महाधिवेशन नहुँदै विभाजन भएपछि पार्टी एकताको आधार खण्डित भएको छ । त्यसैले दुवै पक्षले आफूलाई संस्थापन पक्ष मानेका छन् । पार्टी फुटमा संसद हुनु र नहुनुले कुनै अर्थ राख्दैन तथापि संसदमा प्रतिनिधित्व गर्ने दल फुटाउनलाई संसदमा ४० प्रतिशत हुनुपर्ने व्यवस्था छ । दुवै पक्षले आधिकारिकताका लागि निर्वाचन आयोगमा निवेदन दिइसकेका छन् । दलको विधान, निर्णय प्रक्रिया आदिका आधारमा निर्वाचन आयोगले निर्णय लिने गर्छ । जसको पक्षमा बहुमत रहेको प्रमाणित हुन्छ आयोगबाट त्यसैले आधिकारिकता पाउँछ ।

साविक केन्द्रीय कमिटीको बहुमत केन्द्रीय सदस्य र संसदीय दलको बहुमत सांसद प्रचण्ड-नेपाल नेकपामा लागेका छन् । तर ओली नेकपाले पनि साविक संसदीय दलमा बहुमत रहेको दाबी गरेको छ । प्रचण्ड-नेपाल नेकपामा ३ सय १५ जना केन्द्रीय सदस्य सहभागी भएका छन् । तर ओली पक्षले केन्द्रीय सदस्यहरूको सहभागी संख्या खुलाएको छैन । साविक कमिटीबाट १ सय ३० जनाभन्दा बढी केन्द्रीय सदस्य ओलीको साथमा रहेको बताइन्छ । ओली पक्षले प्रतिनिधिसभा र राष्ट्रिय सभाका एक सय १४ जना सांसद आफ्नो पक्षमा रहेको भनेको छ । उता प्रचण्ड नेपाल समूहले प्रतिनिधिसभाका ९२ र राष्ट्रिय सभाका २४ सहित १ सय १६ जना सांसदहरू आफ्नो पक्षमा रहेको बताएको छ । संसद सचिवालयमा दर्ता गरिएको ओलीविरुद्धको बाँकी ८ पेजमा

## मुलुक गम्भीर आर्थिक संकटमा

काठमाडौं । प्रधानमन्त्री केपी ओलीले संसद विघटन गरी निर्वाचनको घोषणा गरेपछि मुलुकको आर्थिक अवस्था थप जर्जर बन्नेतर्फ उन्मुख देखिन्छ । कोभिड १९ को असरले थिलथिलो भएको मुलुकको आर्थिक अवस्थालाई आगामी वैशाखमा हुने भनिएको निर्वाचनले झनै विकराल बनाउने भएको छ । कोरोनाको कारण थुप्रै व्यावसायिक र व्यापारिक प्रतिष्ठानहरू बन्द भएका छन् । पर्यटन क्षेत्रको व्यवसाय ठप्पै बन्यो भने शैक्षिक क्षेत्र, कन्सलटेन्सी, ट्रेनिङ सेन्टरहरू बन्द अवस्थामै रहेका छन् । सहरी क्षेत्रमा रोजगारी प्रदान गर्ने व्यवसायहरू बन्द भएका कारण लाखौंको संख्यामा बेरोजगारी समस्या थपिएको छ ।

आर्थिक वर्ष साउनबाटै सुरु भए पनि विकास निर्माणका काम अघि बढ्न सकेका छैनन् । ठेक्का लागेर काम गर्ने समय भर्खर हुँदै गरेको अवस्थामा निर्वाचनको घोषणाले विकास प्रभावित हुने भएको छ । बाँकी ८ पेजमा

## कसरी हुन्छ संवैधानिक इजलासमा सुनुवाई ?

काठमाडौं । सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनसम्बन्धी निवेदनहरूको प्रारम्भिक सुनुवाइ गरी सबै रिटलाई संवैधानिक इजलासमा पठाउने आदेश गरेको छ । प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको एकल इजलासले सबै निवेदनलाई संवैधानिक इजलासमा पठाउने निर्णय गरेको हो । वरिष्ठ अधिवक्ताले अल्पकालीन आदेश माग गरे पनि प्रधानन्यायाधीश राणाले अस्वीकार गर्दै संवैधानिक इजलासमा सुनुवाई हुने आदेश गरेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले ५ पुसमा संसद विघटन गरेको निर्णयविरुद्ध प्रचण्ड-नेपाल पक्षका नेकपाका सांसदसहितको १३ वटा रिट सर्वोच्चमा दर्ता भएको थियो । १२ वटा रिटमा सुनुवाइ भएको छ भने एउटा संवैधानिक इजलासमा दर्ता भएकाले आज शुक्रबार प्रधानन्यायाधीश राणासहितको



संवैधानिक इलजलासमा सुनुवाइ हुँदैछ । संवैधानिक इजलासका लागि भनेर दर्ता नभएको निवेदनमा पनि गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको देखेमा 'प्रधानन्यायाधीशले संवैधानिक इजलासमा तोक्न सक्ने अधिकार संविधानले दिएको छ ।

बुधबारको बहसमा रिट निवेदकका तर्फबाट अधिवक्ता कञ्चनकृष्ण न्यौपाने, वरिष्ठ अधिवक्ता शम्भु थापा, वरिष्ठ अधिवक्ता हरिहर दाहाल, अधिवक्ता टिकाराम भट्टराई, वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारी, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, नेकपाका प्रमुख सचेतक देव गुरुङको तर्फबाट गोविन्द बन्दीले प्रतिनिधिसभा विघटन गर्ने अधिकार बहुमतका प्रधानमन्त्रीलाई नभएको दाबी गरे । अल्पकालीन आदेशको मागमा हाँस्दै प्रधानन्यायाधीश राणाले राष्ट्रपति कार्यालयले जारी गरेको सूचनाअनुसार संविधानको धारा ७६ को उपधारा ७ अनुसार व्याख्या गर्न आग्रह गरेका थिए । कानुन व्यवसायीहरूले यसअघिको नजिरअनुसार ११ जना न्यायाधीशको इजलासले निर्णय गरेकाले अन्तरिम आदेश दिएर बृहत इजलास तोक्न आग्रह गरेका थिए । तर प्रधानन्यायाधीश जबराले अघिल्लो संविधान नै फरक भएको उत्तर दिएका थिए ।

संसद विघटनको विषय संविधानसम्बन्धी व्याख्या गर्नुपर्ने भएकाले बाँकी ८ पेजमा

## कांग्रेसले देशव्यापी आन्दोलन गर्ने

संसद विघटनविरुद्ध कांग्रेसको देशव्यापी आन्दोलन घोषणा

काठमाडौं । नेपाली कांग्रेसले मंसिर १३ गते संसद विघटनविरुद्ध देशैभर आन्दोलन गर्ने निर्णय गरेको छ ।

बिहीबार दिउँसो पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको केन्द्रीय कार्यसमितिको बैठकले आन्दोलन गर्ने निर्णय गरेको नेपाली कांग्रेसका महामन्त्री पूर्णबहादुर खड्काले जानकारी दिएका छन् ।

प्रधानमन्त्रीको संसद विघटन गर्ने कदम असंवैधानिक एवंम अलोकतान्त्रिक भएको निष्कर्षसहित कांग्रेसले यहीँ पुस १३ गते देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा विरोध कार्यक्रम गर्ने निर्णय गरेको हो ।

यसैगरी प्रचण्ड-माधव समूहले पनि आजबाटै आन्दोलन गर्ने निर्णय गरेका छन् । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को प्रचण्ड-माधव समूहले संसद विघटनविरुद्ध बाँकी ८ पेजमा

## पाण्डे प्रचण्ड-नेपाल समूहका महासचिव

काठमाडौं । प्रचण्ड-नेपाल नेकपाको महासचिव नेता सुरेन्द्र पाण्डेलाई बनाउने समझदारी भएको छ । उनलाई अध्यक्षद्वय माधवकुमार नेपाल, पुष्पकमल दाहाल, नेताहरू झलनाथ खनाल र नारायणकाजी श्रेष्ठबीचको सहमतिबाटै महासचिव बनाउन लागिएको हो ।

माधवकुमार नेपाल अध्यक्ष, पुष्पकमल दाहाल संसदीय दलको नेता भएपछि अर्का वरिष्ठ नेता झलनाथ खनालको प्रस्तावमा पाण्डेलाई महासचिव दिने समझदारी भएको हो । शीर्ष नेतृत्वबीच नेता पाण्डेलाई महासचिव बनाउने निर्णय गरिएको स्रोतले जनाएको छ ।

## अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा संसद विघटनको समाचार

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा गत आइतबार राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिनिधिसभा भंग गरेको विषयलाई अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले पनि प्रमुखताका साथ प्रस्तुत गरेका छन् ।

भारतको प्रेस ट्रस्ट अफ इन्डिया (पिटआइ) ले अध्यक्ष प्रचण्डसँग लामो समयदेखिको राजनीतिक विवाद बढ्दै जाँदा प्रधानमन्त्री ओलीको सिफारिसमा संसद भंग भएको समाचार दिएको छ । नेपालको संविधानले प्रधानमन्त्रीलाई संसद विघटनका लागि सिफारिस गर्ने अधिकार नभएको समेत पिटिआईको समाचारमा उल्लेख छ । पिटिआईको समाचार टाइम्स अफ इन्डियाले प्रकाशन गरेको छ ।

हिन्दूस्तान टाइम्सले आफ्ना विरोधीलाई चकित पारेर प्रधानमन्त्री ओलीले संसद भंग गरेको समाचार दिएको छ । एनडी टिभीले भने प्रधानमन्त्री ओलीले पार्टीको समर्थन गुमाएपछि संसद बाँकी ८ पेजमा

## निर्वाचनमा ३० अर्ब खर्च हुने अनुमान

काठमाडौं । कोरोना महामारीले थिलथिलो भएको अर्थतन्त्रमा अप्रत्यासित घोषणा गरिएको मध्यावधि निर्वाचनले झन् आर्थिक भार थपिँदैछ । नेपाल सरकारले कोरोना महामारी नियन्त्रणमा २० अर्ब रुपैयाँ खर्च गरेको छ । कोरोनाको प्रत्यक्ष स्वास्थ्य उपचार र खोपको पहुँच पुर्‍याउन तत्काल नेपाललाई १ खर्ब रुपैयाँ (८४ करोड अमेरिकी डलर) आवश्यक पर्ने विश्व बैंकलगायत विकास साझेदारले प्रक्षेपण गरेका छन् । कोरोनापछिको सामाजिक तथा आर्थिक पुनरुत्थानका लागि ९ खर्ब २८ अर्ब रुपैयाँ लगानी गर्नुपर्ने राष्ट्रिय योजना आयोगको अध्ययनले देखाएको छ । स्वास्थ्य उपचारका लागि मात्रै चालु आर्थिक वर्षमा ६५ अर्ब ४५ करोड ८९ लाख रुपैयाँ खर्च हुन सक्ने योजना आयोगको अनुमान छ । तर स्रोतको संकट परिरहेको बाँकी ८ पेजमा

## आयात घट्यो निर्यात बढ्यो


काठमाडौं । भन्सार विभागले हालै सार्वजनिक गरेको तथ्यांकअनुसार साउनदेखि मंसिरसम्म आयात ९.५९ प्रतिशतले घटेर ५ खर्ब २५ अर्ब ४९ करोड ८१ लाख ४२ हजार रुपैयाँको भएको छ । अघिल्लो वर्ष सो अवधिमा ५ खर्ब ८१ अर्ब २५ करोड ७१ लाख १९ हजार रुपैयाँको आयात भएको थियो ।

पाँच महिनामा निर्यात ५.१२ प्रतिशतले बढेर ५० अर्ब ५५ करोड ६० लाख ८ हजार रुपैयाँको भएको छ । अघिल्लो वर्ष सो अवधिमा ४७ अर्ब ६१ करोड ६८ लाख ३५ हजार रुपैयाँको निर्यात भएको थियो । व्यापारघाटा भने १० प्रतिशतले घटेर ४ खर्ब ७६ अर्ब १६ करोड ८३ लाख ५ हजार भएको भन्सार विभागको तथ्यांक छ । गत वर्ष सो अवधिमा बाँकी ८ पेजमा

## संसद् विघटनले नेपाल फेरि अस्थिरतातर्फ

समय-सन्दर्भ

■ **पूर्ण ओली** (पूर्वमहासेनानी)



२०७७ साल पुस ५ गते झन्डै दुईतिहाईको जनमत, ५ वर्षलाई स्थिर सरकार भनिएको सत्तासीन नेकपाको आन्तरिक द्वन्द्व र सत्ता छिनाझम्टीले ३ वर्षमै प्रतिनिधिसभा विघटन हुन पुगेको छ । चुनावमा गठबन्धन गरेर समाजवादको लक्ष्यसहित २०७५ जेठ ३ मा तात्कालिन एमाले र माओवादी केन्द्रबीच एकता भएको थियो ।

जहिले आन्तरिक किचलोमा फस्दै आएको नेकपाको अधकल्चो एकता पनि प्रतिनिधिसभा विघटनको कदमले अनिश्चित भएको छ । प्रतिनिधिसभा विघटनको कदमले सत्तासीन नेकपा दुई धारमा विभाजित भएको छ । विपक्षी काँग्रेस, जसपा, राप्रपालगायतले आन्दोलन गर्ने घोषणा गरेका छन् । विगतमा पनि २०५१ र २०५९ मा बहुमत हुँदाहुँदै काँग्रेसकै आन्तरिक किचलोले संसद विघटन भएको थियो ।

यो पटकको नेकपाको विवाद र संसद विघटन गरी मध्यावधि निर्वाचनको घोषणाको अवस्था सम्म पुग्नुमा भारतको पनि धेरै ठूलो प्रभाव देखिन्छ । नेपालले कालापानी लगायतको आफ्नो जमिन समेटेर नेपालको नक्सा प्रकाशन गरेपछि भारतीय सरकार प्रधानमन्त्री केपी ओलीप्रति अत्यन्त आक्रोसित भएको थियो । त्यसपछि भारतले ओली सरकार गिराउन नेकपा इत्तर पक्ष प्रचण्ड माकुनेहरूमार्फत परिचालन गरेको सम्भावना छ ।

एकपटक प्रधानमन्त्री केपी ओलीले मलाई हटाउन भारत लागेको छ भन्दा प्रचण्डले भारतले होइन मैले चाहेको छ भनेपछि यस्मा भित्री र बाहिरी दुबैको खेलबाट पार्टीभित्रको समस्या अत्यन्त नाजुक अवस्थामा पुगेर फुट्ने निश्चित भएको हो ।

प्रचण्डले प्रधानमन्त्री विरुद्ध १९ पानाको लाञ्छना पत्र सचिवालयमा छिराएपछि विवाद झनै बढेर गयो । जसलाई फिर्ता गर्न प्रधानमन्त्री केपी ओली धेरै प्रयासरत भए पनि असमर्थ भए । खासगरी सुरुमा दुई अध्यक्षको सरकार पार्टीमा हालिमुहाली देखेर माधवकुमार नेपाललाई अत्यन्त पीडा बोध भइरहेको बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक**
**तेजेन्द्र प्रसाईं**

**प्रबन्ध सम्पादक**
**कृष्णराज दुलाल**

**प्रबन्ध निर्देशक**
**किरण थापा**

**अतिथि सम्पादक**
**विष्णु भट्टराई**

**सहसम्पादक**
**घनश्याम ओली**

**बजार व्यवस्थापन**
**रामशरण रिमाल**

**सम्पादन सहयोगी**
**गोविन्द विक**

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

**मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं**
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# राजनीतिक अस्थिरताको खेल

हाम्रो मुलुकको दुर्भाग्य नै भन्नुपर्छ राजनीतिक स्थिरता कहिल्यै आउन सकेन । पटक पटकको अस्थिरताले दिक्क भएका जनताले राजनीतिक स्थिरता र विकासको आशामा नेकपा (नेकपा) लाई झन्डै दुईतिहाईको अवस्थामा पुग्ने गरी मतदान गरे । सबैतिर खुसीको माहोल छायो । संसदको खसीतुल्य किनबेच र ६ महिना नौ महिनामा बदलिने सरकारबाट अब मुक्ति मिल्यो भन्नेमा जनता ढुक्क बने । तर राजनीतिले नाटकीय रूपले कोल्टे फेर्‍यो । नेकपा नेताहरूको जुँगाको लडाइँमा विजय पाउन प्रधानमन्त्री केपी ओलीले संसद भंग गर्ने बाटो रोजे । संविधानले स्थिर सरकारको कल्पना गरेको र प्रधानमन्त्रीले संसद भंग गर्न पाउने अवस्था नराखे पनि ओलीले संविधान मिचेरै संसद भंग गरी मुलुकलाई अस्थिरता र अनिश्चितताको भुँमरीतर्फ धकेलिदिएका छन् । संविधानको धारा ७६ अनुसार प्रतिनिधिसभामा सरकार बन्ने सबैखाले विकल्प समाप्त भएको अवस्थामा मात्र संसद भंग गरी ६ महिनाभित्रमा निर्वाचन गराउनुपर्ने व्यवस्था छ । तर बहुमतीय सरकारको अर्थात् पहिलो विकल्पकै प्रधानमन्त्रीले संविधानको धज्जी उडाएर संसद भंग गरिदिएका छन् ।

विश्वभर फैलिएको कोरोना महामारीले गर्दा मुलुक अहिले आर्थिक रूपमा जर्जर बन्दै गइरहेको अवस्था छ । कोरोना नियन्त्रणको नाममा राष्ट्रिय ढिकुटी स्वाहा पारियो भने अर्बौं भ्रष्टाचार यसै मेसोमा गरिएका समाचार छताछुल्ल भएका छन् । जनता बेरोजगारी र गरिबीको दुश्चक्रमा फसेर रोग र भोकले आक्रान्त छन् । यस्तो बेलामा जनताको घाउमा मल्हम लगाउनु त कता हो कता उल्टै अर्बौं खर्च गरेर मुलुकमा निर्वाचनको नाटक रच्ने बेमौसमी बाजा बजाउने काम गरियो । जुन खालको राजनीतिक घटना अहिले घटित भएको छ यो मुलुक र सिंगो मुलुकबासी जनताको लागि ठूलो दुर्भाग्यको विषय बनेर अगाडि आएको छ । आफ्नो व्यक्तिगत महत्वाकांक्षा पूरा नहुँदा मुलुकलाई नै बाजीमा राख्न तम्सिने नेता एकपटक होइन पटक पटक मुलुकमा देखा परिरहेका छन् । यस्ता भष्मासुरहरूको हातमा शासनसत्ता रहेसम्म कहिले पनि मुलुकको अवस्था सुध्रिने छैन ।

राजनीतिक स्थिरताको लागि वर्तमान संसदीय प्रणाली असफल सावित बन्दै गएको छ । अब जनताले नभोगेको र मुलुकमा अभ्यास नगरिएको एउटै विकल्प भनेको प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था रहेको छ । जसलाई संसदको खिचातानीभन्दा माथि राखिनुपर्छ र संसद सदस्यभन्दा बाहिरबाट मन्त्रिमण्डल गठन गर्ने अधिकार प्रत्यायोजन गर्नुपर्छ । हुन त यहाँ 'पुनर्मुसिको भव' भनेझैँ राजावादीहरू फेरि 'राजा आऊ देश बचाउ' भन्दै उफ्रँदै हिँडिरहेका छन् । यो घोर प्रतिगामी कदमले मुलुकलाई कतै पुर्‍याउन र स्थिरता दिन सक्दैन । अढाई सय वर्षसम्म राजालाई पनि जनता र देशले व्यहोरेकै हो । त्यसैले अबको विकल्प भनेको प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख नै हो । त्यसमा पनि कार्यकारी राष्ट्रपतिको विकल्प नै उपयुक्त हुन्छ । वाक्क, दिक्क भएका जनताले पटक पटक फोहोरी, भ्रष्टाचारी, राष्ट्रघाती, देशद्रोही व्यक्तिलाई प्रधानमन्त्रीको रूपमा स्वीकार्नुपर्छ भन्ने छैन । त्यसैले अब प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको विकल्पतर्फ सबैको ध्यान जानुपर्छ । असंवैधानिक तवरले भंग भएको संसद सर्वोच्चले अविलम्ब पुनर्स्थापना गरी त्यही पुनर्स्थापित संसदको दुईतिहाईले संविधान संशोधन गरी प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको व्यवस्था गर्नेतर्फ जान जरूरी छ । जसले गर्दा कुनै एक सन्की व्यक्तिको हरेक इच्छा पूर्ति गर्ने राष्ट्रपतिबाट पनि मुलुकले मुक्ति पाउँछ ।

# उखानेले गर्‍यो उखान चरितार्थ



**सुरेन्द्र ढकाल**

केपी ओलीलाई उखानटुक्का हान्न माहिर भनेर उखाने, टुक्के जस्ता नामहरू गुँताइएको हो । यसपालि भने उनले आफ्नो नाम अनुसारको काम चरितार्थ गरेर देखाइदिएका छन् । नेपालीमा कुकुरलाई घ्यु नपचेको, बोका मुखमा कुभिण्डो नअटेको, बाँदरको हातमा नरिवल भन्ने जस्ता उखानहरू जति लोकप्रिय छन्, विद्या र ओलीले गरेको संसद विघटनबाटमाथि भनिएका उखानहरू झनै लोकप्रिय हुन जाने छन् । गिरिजाको बहुमतको कांग्रेस सरकारले संसद विघटन गरी मध्यावधिमा जाँदा नेपाली जनताले माथिका तीनै उखानहरू खुबै रटेका थिए । गिरिजाको त्यही निर्णयको कारण नेपाली राजनीतिमा अस्थायित्व सुरु भई देश द्वन्द्वमा फस्न पुगेको थियो । अब ओलीको त्यही निर्णयको कारण देशमा नयाँ जंगबहादुरको जन्म वा २०१७ को पुनरावृत्ति भयो भने अचम्म नमान्दा हुन्छ ।

अहिलेको संसद विघटनबाट खुसी भई ओलीलाई धन्यवाद दिनेहरूको अग्रपंक्तिमा राजावादीहरू छन् । उनीहरू आफ्नै तरिकाबाट ठीकै लाइनमा छन् किनभने ओलीले जुन कदम चाले यसले गणतन्त्रलाई दुर्गन्धित बनाएको छ । यस निर्णयबाट ओलीका धेरै पक्षधरहरू उत्साहित छन् किनकी चुच्चे नक्सा जारी गरेको कारण ओलीलाई राष्ट्रवादी देख्नेहरू उनीहरू नै हुन् र अरु पनि छन् भने उनीहरू पनि यस निर्णयबाट खुसी नै भएको हुनुपर्छ । एमसीसी चाहनेहरूका लागि त यो निर्णय वरदानै सावित भएको छ । भोलि अदालतले ओलीको यो निर्णय बदर गरी उनलाई संसदमा बहुमत सिद्ध गर्न परमादेश दियो भने एमसिसि पक्षधरहरूको बहुमतको संयुक्त सरकार बन्ने स्वतः सिद्ध छ । ओली सरकार भ्रष्ट भएको उनकै दल र विपक्षीहरूले आरोप लगाइरहेको अवस्थामा र संसद विघटनको पूर्वसन्ध्यामा गरिएको अख्तियार प्रमुखको नियुक्तिले ललिता निवास प्रकरणमा माधव नेपाल र क्यान्टोनमेन्ट प्रकरणमा प्रचण्डलाई जेल पठाउनेतर्फ लाग्दा डबल नेकपाभित्र नेतादेखि कार्यकर्ता स्तरसम्म गोदागोद हुने अवस्था सिर्जना भइ नै हाल्छ । स्थिति नियन्त्रणको नाममा संकटकाल र सेना परिचालन हुने अवस्था आयो भने नवजंगबहादुर वा नयाँ १७ साल नदोहोरियला भन्न सकिन्न । तर जसले जे भने पनि राष्ट्रिय प्रजातन्त्र (National Democracy) को लागि लड्ने दलहरूभित्रको आन्तरिक प्रजातन्त्र (Intra Party Democracy) र दलहरूबीचको प्रजातन्त्र (Inter Party Democrcy) शून्य भएकै कारण २०४७ सालको संविधान असफल भयो भने यही कारण यो गणतान्त्रिक संविधान पनि असफल हुने छाँट देखिँदैछ । यसको मुख्य कारण भनेको विचार सिद्धान्त र पद्धति नभई सत्ताका लागि लुछाचुँडी नै हो र यही कारणले गर्दा यिनीहरूलाई सत्तारुपी घ्यु नपचेको हो, सत्तारुपी कुभिण्डो यिनीहरूको मुखमा नअटेको हो र सत्ता बाँदरको हातमा नरिवल हुन पुगेको हो ।

# सरकारी बन्दीमा दलित आयोग



**गोविन्द विक**

संवैधानिक परिषद्को सिफारिसमा सरकारले विभिन्न संवैधानिक आयोगमा राजनीतिक नियुक्त गर्ने व्यवस्था संविधानमा उल्लेख गरिएको छ । दलित आयोग, महिला आयोग, मुस्लिम आयोग अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका आयोगहरूमा पदाधिकारी नियुक्त नहुँदा ती निकायबाट हुने गरेका महत्वपूर्ण कामहरू प्रभावित भएको सरकारले पचाएर बसिराखेको छ । विभिन्न आयोगहरूमध्ये दलित आयोग समग्र दलितहरूको हक अधिकार सम्वर्द्धन तथा प्रवर्द्धनका निम्ति गठन गरिने आयोग हो । यस आयोगले दलित समुदायको अधिकारका लागि सरकारलाई खबरदारी गर्ने, दलित माथि हुने विभिन्न प्रकारका जातिय विभेद लगायतका हिंसा भएको अवस्थामा पीडकलाई क्षतिपूर्ति भराउने र पीडितलाई कडा रुपमा कानुनी कारवाही गर्न सरकारलाई सिफारिस गर्दछ ।

दलितका सवालमा उठेका मुद्दा तथा दलित समुदायलाई परेका कानुनी समस्या निराकरणमा दलित आयोगको मुख्य भुमिका रहन्छ । जातीय विभेदका घटनाहरू श्रृङखालावद्ध रुपमा घटिराखेका छन् । दलित महिला तथा दलित समुदायका बालिकाहरूमाथि बलात्कार हत्या जस्ता जघन्य अपराधका घटना पनि दिनहुँजसो घटिराखेका छन् ।

दलितमा सवालमा घटेका कतिपय घटनाहरू प्रहरीले दर्ता नै गर्न आनाकानी गरेका थुप्रै समाचारहरू सञ्चारमाध्यमबाट बाहिर आइ नै रहेका छन् । कम्तीमा आयोगले पूर्णता पाएको भए दलितका सवालमा उठेका सवालहरू साथै दलितमाथि बढ्दै गएको हिंसाका घटनाहरूलाई कानुनी निरुपणमा केही हदसम्म सहजता हुने थियो र दलितले न्याय पाउनेमा केही आस गर्ने ठाउँ रहन्थ्यो । तर यो सरकारले दलित आयोगलाई पूर्णता दिनु त कता हो कता उल्टै दलित विरोधी न्यायमा अग्रसरता देखाउँदैछ ।

कथित उपल्लो जातबाट दलितमाथि जातीय हिंसा भएमा उल्टै सरकारले जातीय विभेदका मुद्दालाई कमजोर बनाइ पीडितलाई न्याय दिलाउनमा कन्जुस्याइ गरेका थुप्रै नजिरहरू हामीबाट छिपेका छैनन् । सरकार गठन भएकै ३ वर्षभन्दा धेरै हुनलाग्यो । तर सरकारले महत्वपूर्ण काममा बेवास्ता गरि नै रहेको छ । पार्टीको आन्तरिक झगडाको सिकार सरकारलाई बनाई सरकारद्वारा गर्ने सबै काम प्रभावित मात्रै भएनन् त्यसले जनआक्रोस समेत जन्मायो ।

सरकारको नेतृत्व गर्ने वर्गहरूमा पनि जात व्यवस्थाप्रति पुरातनवादी सोच र चिन्तनले ग्रसित बनाएको भएर नै आज दलितका मुद्दा कमजोर बनिरहेका छन् । सरकार आफैंले दलित आयोगलाई बन्दी बनाइराखेको छ । यसमा दलित अगुवा सत्तारुढ दलभित्रैबाट पनि राजनीति गर्ने दलित नेताहको मौनता पनि दलित आयोगले पूर्णता नपाउन थप बल पुगिराखेको छ ।

**सरकार बाहिर हुने प्रतिपक्ष दल पनि निधाएर बस्नु भन्दा देशमा सुरू भएको हिंसाप्रति गम्भीर भएर सरकारलाई खबरदारी गर्न आवश्यक छ । हिंसा भडकीदै जाने सरकार धरपकटमा उत्रिने हो भने मुठभेटको अवस्था आउछ ।**

दलित अधिकारका लागि लड्छौं र लडिरहेका छौं भन्नेहरू थुप्रै भेटिन्छन् तर आज आवाज दिने ठाउँमा पुग्नेहरू पनि दलितका सवालमा कुरा गर्न किन मौन छन् ? अझै पनि दलितहरू एक ठाउँमा आएर संगठित आवाज दिन नसक्नु नै सरकारको लापरवाही हो । सरकारले मन गर्ने हो आयोग गठन गर्न समस्या नै हुँदैन । हुन त सरकारलाई संवैधानिक आयोगले पूर्णता नपाएकै ठिक छ । पदाधिकारी नै नभएपछि आयोगका काम त्यसै प्रभावित हुन्छन् । र सरकारले मनमौजी गर्न पाउँछ । आयोग नै नभएपछि दलितका समस्या महिलाका समस्या जनजातिका समस्या मुस्लिमका समस्या सबै समस्यामा आँखा चिम्लिने बस्ने । सबैभन्दा राम्रो छ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अपूर्णताले सरकारलाई मोज भएको छ । राष्ट्रवादी भनिनेहरूले चलाएको सरकार भएका पालामा नै यसरी उत्पीडित वर्गको उपेक्षा हुने गरी काम गर्नुले साँच्चै राष्ट्रवादी हो कि हैन भन्ने शंका गर्ने ठाउँ प्रसस्तै छन् । राष्ट्रवादी कहलिएका नेता केपी ओली दश वर्ष वर्ग उत्थानका लागि लडाइँ लडेर आएका नेता प्रचन्ड तर विडम्वना सत्ताको चावी उनीहरूकै हातमा भएका बेला नै सबैभन्दा धेरै निम्न र उत्पीडित वर्गले दुःख पाएको इतिहास बन्ने भयो । हामी दलित समुदायको लागि पनि दुभार्ग्य बनेर आयो सरकारका कार्यशैलीहरू । यसरी सरकारले दलित आयोगलाई सरकारी बन्दी बनाएर पूर्णता नदिनु भनेको करिब ६० लाख दलितहरूको अपमान हो ।

# नेपालमा भारतीय विस्तारवाद र त्यसका दिर्घकालिन समस्याहरू-१७



सुदर्शन प्रधान

पृथ्वीको बढ्दो तापक्रम, अम्लीय वर्षाद, ओजनपत्रमा भ्वाङ जस्ता थुप्रै कुराहरू । कार्लमार्क्सले पत्ता लगाएको र जोसेफ स्टालिनले कार्यन्वयन गरेको उत्पादनका साधनहरू सामुहिकरण र राष्ट्रीयकरणको सवाल यो यस्तो हो कि संसारभरि यो स्थापित भए भने प्रकृती र मानव समाज दुवै बच्छ ।

**५. नेपालको सुरक्षा निकायमा भारतको प्रभाव र पकड**

झण्डै ८, १० वर्ष अघि "कान्तिपुर दैनिक"मा नेपालको नवलपरासी जिल्ला स्थित "त्रिवेणी" नजिकको एक कथित वावाको आश्रम बारे छापिएको थियो । जुन आश्रम नारायणी नदी पारी जंगलको बिचमा अवस्थित छ । यो स्थल चितवन जिल्लाको सुदुर पश्चिमको भूभागमा पर्छ । यस आश्रमबाट दक्षिणमा नेपाल सेनाको एक टुकडी छ । जुन व्यारेकको दक्षिण सिमा खोला पारी भारती सेनाहरूको ठूलो पल्टन छ । यो सिमा खोला उत्तरबाट दक्षिण हुँदै पश्चीम वगेको छ, र नारायणी नदीमा मिसीन्छ । यो खोलापारी भनेको बालमिकी नगर हो । यसरी खोला वारी नेपाली सेना र खोलापारी भारती सेना अनी नेपाली सेनाको व्यारेक उत्तर पट्टी भारती वावाको भव्य आश्रम स्थल । यो सामरिक रुपले ज्यादै संवेदनशील कुरा छ । नेपाल सेनाको व्यारेक पश्चीम पट्टि ठूलो नारायणी नदी पर्छ । नेपाल भारतबिच युद्ध भएमा दक्षिण र पूर्वबाट भारती सेना अनी उत्तरको जंगलको आश्रमबाट पनि जोगीको भेषमा रहने तर गोलीगाठ्ठा बोक्ने भारती फौजबाट नेपाली सेना घेरिए के हुन्छ ? निश्चित छ नेपाल सेनाका जवान र कमाण्डरहरू एक जना पनि बाकीँ रहदैनन् । यहाँको भुगोल पक्तिंकारलाई पनि राम्ररी थाहा छ ।

उपरोक्त कुराहरूबारे यस व्यारेकको प्रमुख मेजरले आफ्नो माथिल्लो निकायमा प्रतिवेदन पठायो । कान्तीपुर श्रोतले भनेको थियो, तर त्यहाँबाट सम्बन्धीत निकायलाई भनौं नेपाल सरकारलाई सुझाव, सल्लाह र आवश्यक परे दवाव दिनु त कताकता उल्टो प्रतिवेदन पठाउने मेजरलाई त्यहाँबाट अन्तै सरुवा गरिदियो । एकपटक हैन २, ३ पटक यस्तो घट्ना दोहोरियो । यस्तै कुरा नवलपरासी जिल्ला प्रहरी कार्यलयको प्रमुख (डि.एस.पि.)ले पनि आफ्नो प्रहरी केन्द्रिय कार्यलयमा रिपोर्ट गर्दा उल्टै उक्त डि.एस.पि. पनि सरुवा भयो ।

माथिका तथ्यहरूबाट के स्पष्ट हुन्छ भने देश र जनताको रक्षा र सुरक्षाको लागि नेपाली जनताले तिरेको करबाट रासनपानी, लत्ताकपडा, जुत्ता सहित तलव, भत्ता, पेन्सन उपचार, गाडीवाहन समेत पाउने जिम्मेवार निकायका माथिल्लो ओहोदामा बस्ने अधिकारीहरू कस्ता प्रवृत्तीका रहेछन् त ? तिनवाट नेपाली जनताले के आशाा गर्ने ? के भरोसा मान्ने ? त्यस्तो देशद्रोही क्रियाकलाप गर्ने आधिकारीक व्यक्तित्वहरूलाई छिमेकी देश चीन, खुदभारत र पाकिस्तानमा कस्तो सजाय हुन्छ ? राम्ररी बुझेर नेपालमा पनि त्यस्तै नीति बन्न पर्छ । साँच्चीनै त्यहाँ मृत्युदण्डसम्म हुन्छ ।

विर बलभद्र, अमर सीं, भक्ति थापाहरूका हामी नाम लिन्छौँ र पढ्छौं "पूर्खाले जोगाएको राष्ट्रिय स्वाभिमान" भन्छौं । तर आज रक्षा र सुरक्षा जस्तो सम्वेदनसील र महत्वपूर्ण निकायका उच्च ओहोदाहरूमा पराईभक्त प्रवृत्ति र व्यक्तिहरू प्रवल रहेछन् । युद्धको घडीमा तिनले दुश्मन सामु के गर्लान ? या त आत्मा समर्पण गर्नेछन्, या आफ्ना सेनाहरूलाई गलत बाटोमा लगाएर दुश्मनले सजिलै नाश गर्न सक्ने वातावरण सिर्जाउने छन् । कुनैं पनि मूल्य चुकाएर देशभक्तहरूलाई स्थापित र देशद्रोहीहरूलाई विस्थापित गर्नै पर्छ । अन्यथा नेपालको अस्तीत्व संकटमा पर्नेछ । वर्तमान रक्षामन्त्री ईश्वर पोखेलले माथिको घट्नाको राम्ररी अध्ययन अनुसन्धान गरि राष्ट्रिय सुरक्षाको लागी सम्पूर्ण आवश्यक कदम चाल्न सक्लान ? नेपाली जनता त्यसको प्रतिक्षामा छन् ।

शाही सेना कतिसम्म कठोर र उदण्ड थियो भन्ने कुरा २०५९ असोज १८मा राजा ज्ञानेन्द्रले तत्कालिन प्रधानमन्त्री शेर बहादुर देउवालाई अपदस्य गरि सत्ता स्वंय सञ्चालन गर्दा ताका पनि भएका थुप्रै कुराहरू छन् । एउटा घट्ना छ, स्वंय प्रधानमन्त्री देउवालाई हटाएपछि राजा ज्ञानेन्द्रको आदेशमा शाहि सेना एक मध्यरात देउवालाई गिरफ्तार गर्न देउवा निवास बुढानिलकण्ठ पुग्छ । गेटको मूल ढोका खुलेपछि शाही सेनाहरूले आफू देउवालाई गिरफ्तार गर्न आएको भनेर देउवाका पितालाई बताउँछ ।

"यस्तो राती ! मेरो छोरालाई समात्ने नै हो भने भोली विहान आउनुस् !" देउवा पिताले नम्र शब्दहरूमा भन्छ ।

"हुदैन, अहिले नै जान पर्छ" शाही सेनाका कमाण्डरले थर्काउदै बोल्छ "भोलीको कुरा हुदैंन, भाग्न सक्छ ।"

देउवा पिताले फेरि नम्र शब्दहरूमा भन्छन् "दुई दुई पटक प्रधानमन्त्री बनेका मेरा छोरा भाग्छ भनेर कल्पना पनि नगर्नुस् ! त्यस्तो कुरा हुनै सक्दैन, तपाईहरू भोली विहान उज्यालोमा आउनुस् !"

शाही सेनाले जंगीदै भन्छ, "तैंले भनेर हुन्छ ? हामी समातेरै लान्छौ, यो हाम्रो आदेश हो । हिजो तेरो छोरा कुन पदमा थिए, थिएनन् हामीलाई सरोकार छैन, छोरालाई निकाल ! ढोका खोल्न लगाउ ! नत्र ढोका हामी आफै फोड्छौ ।"

*(क्रमशः)*

# मैले देखेको १४९ औं विश्व प्राकृतिक सम्पदा

# बैंककको साम्फ्रान हात्ती चिडिया घर

सुरेन्द्र ढकाल



चिडियाघरभित्र जादु देखाउँदाको अवस्था



चिडियाखानाभित्र बाघको पुच्छर समाउँदै एक महिला पर्यटक



गोहीको मुखभित्र आफ्नो टाउको छिराएर देखाउने साहसी कला



हात्ती फुटबल खेलको तयारीको अवस्था



गोहीसँगको मानव भिडन्त




हात्ती सफारीमा रमाउँदै पर्यटकहरू



हात्तीको खेल प्रदर्शनको अवस्था

डामनोएन सादुआक तैरन बजार अवलोकन गर्ने क्रममै हामीले दिउँसोको खाना हल्का रुपमा खाएका थियौं। लंच गर्ने समयको बचत गरी हामीलाई त्यस्को लगत्तै रिजर्भ वसबाट साम्फ्रान हात्ती चिडिया घर (Zoo) अवलोकन गराउन लगियो। यसलाई हात्तीको चिडिया घर भने तापनि यहाँ हात्तीका अलावा गोही पालन र बाघ, सिंह लगायत विभिन्न जनावरहरू पनि रहेछन्। त्यसको अलावा खुला मंचमा जादु समेत देखाइने रहेछ। हात्ती सफारी, हात्तीको विभिन्न प्रदर्शनहरू, हात्तीको नृत्य, हात्तीको फुटवल खेल, युथा हात्ती नामक हात्तीको कुस्ती, गोहीसंगको मानवको भिडन्त जस्को अन्तमा गोहीसंग कुस्ती खेल्ने ब्यक्तिले आफ्नो दुबै हातको बलले गोहीको मुख फट्टायर गोहीको मुखभित्र आफ्नो टाउको घुसारी देखाउने जस्ता कलात्मक साहसी प्रदर्शन (stunts) हरू गरिदो रहेछ। पर्यटकहरू त्यहाँ रहेको झरनासहितको शितोष्ण (Tropical) जंगलमा नुहाउँदा रहेछन। त्यहाँ बाघ वा सिंहसँग टाँस्सिएर बस्ने, हात्तीसँगै खोलामा नुहाउने जस्ता विभिन्न क्रियाकलापहरूमा पर्यटकहरूलाई सामेल गराउने कार्य हुँदोरहेछ। एक ठाउँमा खुलामंचमा एकजना जादुगरले जादु देखाइरहेको थियो। हामी पर्यटकहरू उसको जादु हेर्दै थियौं। त्यतिखेरै जादुगर हाम्रै छेउमा आइ एक अधवैंसे युरोपेली महिलालाई लिएर गयो र उनको लुगा नै नफुकाली सिसाको गिलास उनको स्तनको मुन्टो मुनी लगेर टाँसिदियो। ती महिला लजाइन तर एकै छिनमा त्यो गिलास दूधले भरियो। हामी सबै छक्क पर्‍यौं। पछि महिलाको लुगा भिजेको छ कि भनेर हेर्दा नभन्दै मुन्टाको टुप्पो भिजेको रहेछ। जादुगर भने आफ्नो दूध आफैं खाने कि भनेर महिलालाई जिस्काउँदै थियो। यो चिडिया घरले संसारको सबैभन्दा सफा र ब्यवस्थित चिडियाघर भनी अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गरेको रहेछ। बिहान आठ बजे खुला भइ बेलुका ५:३० मा बन्द हुने यस चिडिया घर सरसरती घुम्न दिनभर लाग्दो रहेछ। हामी त्यहाँ एक बजे पुगेका थियौं र साढे ५ बजेसम्मै बसिसके जति धेरै कुराहरू हेर्‍यौं।




हात्ती नाचको एक झलक



पर्यटकलाई स्वागत गर्दै चिडियाघरभित्रको एक हात्ती

# ४०. नारायणहिटी राजदरबारबाट बोलाहट-२




■ शम्भुराम श्रेष्ठ

राजासँगको पहिलो भेटवार्ताको अवसरमा भोलिपल्टै साँझ काठमाडौंका एक बहुतै इमानदार एवं भरपर्दो सदस्य मेवाकाजी कंसाकारले आफ्नै घरमा एउटा सानो मम पार्टीको आयोजना गरेको थियो। मनमोहन अधिकारी, प्रो.माणिकलाल र मलाई पनि बोलाइएको थियो। अक्सर गरेर यस्तो पार्टीमा हामीहरू सँगसँगै जाने गर्थ्यौं तर त्यो दिन सबभन्दा पहिले मनमोहनजी नै त्यहाँ पुगेछन्। कुरैकुरामा मेवाकाजीले मनमोहनजीले हल्ल हाँस्दै विल्कुलै गैरजिम्मेवारी तरिकाले 'मैले ठकुरीलाई राम्ररी झक्याइदिएँ।' भनी जवाफ दिएछन्। मनमोहनजीको त्यस्तो जवाफ सुनेर मेवाकाजी छक्क परेछन्। पछि उनले त्यही जवाफलाई लिएर मनमोहन अधिकारीको आलोचना गर्दै हामीलाई भनेका थिए।

मनमोहन अधिकारीले राजदरबारमा राजासँग भेटेको ४ महिनापछि उनै पूर्व मन्त्रीमार्फत 'राजाले मसँग भेट गर्न चाहिबक्सेका छन् र तपाईंले दरबारमा जान तयार रहनुपर्‍यो।' भन्ने सन्देश प्राप्त भयो। मनमोहनजी राजदरबार जाँदा औपचारिकता पूरा गर्न उनले जे गर्नुपरेको थियो, मैले त्यस्तो केही गर्नुपरेन। सधैं लगाइने गरेकै लुगा लगाएर म राजदरबार गएँ। मनमोहनजीले राजासँग कुरा गरिरहुन्जेल प्रमुख सचिव अलि पर बसेर सबै कुरा नोट गरिरहेको थियो रे। तर मैले राजासँग भेट्दा बैठक कोठामा राजा र म मात्र थियौं र राजा र मेरो बीचमा एउटा सानो टि टेबुल मात्र थियो। मनमोहनजीले राजा अरुले बोलेको कुरा मत्र सुनिरहन्थे र आफूले चाहिँ विल्कुलै बोल्दैनन्।' भनी जो भनेका थिए, राजामा मैले त्यस्तो केही पाइन। उनी सुन्ने र भन्ने दुवै गर्थे।

म बैठक कोठाभित्र पस्ने बित्तिकै राजा वीरेन्द्रले 'शम्भुरामजी अहिले तपाईंको स्वास्थ्य कस्तो छ?' भनी सोध्नुभयो। 'महाराज, अहिले त ठिकै भइरहेको छ।' भनी मैले भनें। त्यसपछि राजाबाटै फेरि सोधनी भयो, 'तपाईंले देशको हालको स्थितिलाई कसरी अनुभव गरिरहनुभएको छ?' मैले विल्कुलै बुझ नपचाइकन आफूले जे अनुभव गरेको छ त्यसलाई इमानदारीपूर्वक सोधनीको उत्तरको रुपमा राजासमक्ष प्रस्तुत गर्दै भने,- 'महाराज यो निर्दलीय पञ्चायती व्यवस्थाबाट काम हुँदैन र हुँदैन भन्ने व्यवहारले देखाइसकेको छ। यस उसले सम्भव भएसम्म चाँडो अर्कै देशको वस्तुगत अवस्थाहरू सुहाउँदो नयाँ राजनीतिक व्यवस्था ल्याउनुपर्छ। त्यो व्यवस्था कस्तो हुन्छ र हुनुपर्छ भन्नेबारे अहिल्यै मैले भनिरहनु मनासिब हुँदैन। यसको निम्ति महाराजकै पहलमा अरु भरपर्दो राजनीतिक नेताहरूलाई पनि समेटेर विस्तृत छलफल गराई निष्कर्षमा पुग्नु आवश्यक हुन्छ।' राजाबाट मैले पञ्चायती व्यवस्थाकै विरोधमा दिएको उपयुक्त सुझावको विल्कुलै विरोध भएन। राजाबाट विरोध नभएको मात्र होइन, तपाईंको मन मिलेका टंकप्रसाद आचार्य जस्ताहरूसँग छलफल र सरसल्लाह गरी कुनै निष्कर्षमा पुगिएपछि मलाई त्यसबारे अवगत गराउनुहोला।' भन्ने सम्मको कुरा राजा वीरेन्द्रले भन्नुभयो। सम्भवतः केही समयपछि त्यसकै परिणामस्वरुप नै 'जनमत संग्रह' को घोषणा भएको हुन सक्छ।

राजाबाट उपयुक्त विचार व्यक्त भएपछि मैले अर्को विषय, अर्थात् राष्ट्रिय सवालसम्बन्धी कुरा उठाउँदै भने- 'राणा शासनबाट देश र जनता मुक्त भएकै पनि अढाई दशक पूरा हुन लाग्यो, तर पनि मुलुकमा आर्थिक विकासको बलियो जग पनि हाल्न सकिएको छैन। यसो हुनाको मूल कारण हामी आफ्नो मुलुकका विशिष्ट वस्तुगत अवस्थाहरू सुहाउँदो आर्थिक विकाससम्बन्धी नीति निर्माण गर्न स्वतन्त्र छैनौं र अरुहरूको र त्यसमा पनि, विशेष गरेर भारतको डिक्टेसनमा नीति बनाउन बाध्य भइरहेका छौं। यस दृष्टिकोणले हेरी भन्ने हो भने हामी औपचारिक रुपले मात्र स्वाधीन छौं र वास्तविक रुपले छैनौं। अतः नेपालमाथि भारतद्वारा लादिएका लिखित अलिखित असमान सन्धि सम्झौताहरूलाई खारेज गरी नेपाललाई पूर्ण रुपले स्वाधीन एवं सार्वभौमसत्ता सम्पन्न गराउने महान कार्यलाई सम्पन्न गर्न महाराजाबाट पहल हुनुपर्‍यो। यसको निम्ति समस्त नेपाली जनतालाई परिचालन र संगठित गर्ने जिम्मेवारी हामी लिन्छौं। हामी पार्टीको रुपमा संगठित भएदेखि यस कार्यमा लागिरहेकै छौं।' अनि राजाबाट 'यस विषयमा मैले तपाईंहरूसँग असहमत हुने कुरै छैन।' भनी स्पष्ट जवाफ मिल्यो।

## कविता: हास्य कवि नि के बन्नु अब



● प्रेम ओली (ढकलपुरे)

मलाई हँसाउने कुरो नै आउन
छाडिसक्यो
अब त खाली हाँस्न मात्र आउँछ
त्यत्रा घाग्रान घाग्रान हँसाउने
नेताको अगाडि
हामीले हँसाएको के सुहाउँछ ?
हास्यब्यङ्ग्य हेर्न पनि अब
न नेपाल एकेडेमी जानु पर्छ, न
राष्ट्रिय नाचघर जानु पार्छ
साँच्चै हाँस्ने भए अब हजुर
कि त खुमलटार जानु पर्छ, कि त
बालुवाटार जानु पर्छ
राष्ट्रिय नाचघरमा कुर्सी पाइएला, तर
त्यता जाँदा चटकी लानु पर्छ
कुर्सी लानु भयो भने
त्यो कुर्सीको लागि तानातान पनि
हुन सक्छ
उस्तै परे भाँचकुच पारेर हानाहान
हुन सक्छ
मान्छेहरू भन्छन् मह जोडीले हँसाछन्
कसैले भन्छ धुर्मुस सुन्तलीले
हसाउँछन्
ती बिचराले पनि अब के हँसाउँछन ?
हँसाउँछन् त अब, हाम्रो नेताले पो
हँसाउँछन्
हँसाउँदा हँसाउँदै यसरी हँसाउँछन्
हामी सबलाई मोहनी नै लाउँछन्
त्यै भएर त सधैं यिनले मात्र भोट
पाउँछन्
कहिले जुरुक्क उठाउँछन् भने कहिले
थचक्क बसाउँछन्
कहिले रकेटमा हालेर चन्द्रलोक
पुर्‍याउँछन् त
कहिले जेटमा हालेर खाडीमा
खसाउँछन्

मजाको कुरो त अझ
यिनले गरेको हास्य सम्मेलनमा भाग
लिन
कहिले उत्तरका नेता दौडदै आउँछन्
कहिले दक्षिणका नेता उफ्रँदै आउँछन्
भन्नुस् त,
हाम्रा जस्ता महान हास्य नेता कुन
देशमा पाउँछन् ?
हेर्नुस् मैले साँच्चै हँसाउन सकेको
भए
कि त बालुवाटारमा हुन्थैं, कि त
खुमलटारमा हुन्थें
त्यो हुन नसके पनि कम्तिमा
कि त मल मन्त्री बन्थे कि त ढल
मन्त्री बन्थे
नत्र यसरी आफ्नै उखुको पैसो माग्न
किन माइतीघरमा आएर धुरु धुरु
रुन्थे ?

## कथा: फेरि भेटौंला

✍ सन्तोष खतिवडा

पेसामा पत्रकार हामी जाजरकोट जिल्लामा हुन लागेको शान्ति समितिको बैठकका लागि निम्त्याइएका थियौं। सल्यानको सल्लिबजार पुगेपछि हाम्रो खाना खाने कार्यक्रम तय भयो। हामी सल्ली रेस्टुराँ एण्ड लजभित्र प्रवेश गर्दै थियौं। मैले बाहिरबाट त्यो लजको फोटो लिएँ। लजको दोस्रो तलाको अटालीमा एक युवती आफ्नो नुहाएर चिसो कपाल झट्कारेर सुकाउने प्रयासमा थिइन्। अटालीलाई बाँसको भाटाहरूले बारेको थियो। ती भाटाहरू टाढाबाट नै कमजोर देखिन्थे। मैले ती युवतीलाई सजग गराउने उद्देश्यले तलैबाट चिच्याएँ।

'ए हजुर लड्नुहोला है, बिस्तारै गर्नुहोस्।' उनी केही बोलिनन्, अनि छिट्टै कोठाभित्र छिरिन्। हामी खाना खाने टेबुलमा बस्यौं। एउटा अधबैंसे आइमाई काठका फल्याकले बनाएको दराजमा घोप्ट्याएर राखेका थाल र कचौराहरू निकाल्न थालिन्। थाल झिक्दै आफनै शैलीमा चिच्याइन्। 'ए निता यहाँ आइज न के गरेर बसिराखेकी... ?'

'आएँ।' एकोहोरो आवाज माथिल्लो तलाबाट आयो। म र सुरज दुवै जना त्यही आवाज आएतिर हेर्दै थियौं। तर उनी खै कताबाट फुत्त भान्साको अगाडि आइपुगिन्। मलाई उनी अघि माथि बसेको अटालीबाट झरिन् कि क्या हो भन्ने लाग्यो। भिजेको कपाल गुटमुट्याएर नकोरिकनै पोको पारेर रुमालले बाँधेकी थिइन्। गोरो उनको मुहारमा पानीका दुई चार थोपा अझै बाँकी थिए अनि ती मोतीजस्तै टल्किरहेका थिए। कपालको पानी रुमालले पूरा सुकाउन नसकेर होला कानको पछिल्लो भागबाट चुहिरहेको थियो। त्यो चुहिरहेको पानीलाई उनले आफनो चोरी औंलालाई ढल्काएर माथिदेखि तलसम्म तानिन् अनि चोरी औंलामा भएको पानीलाई झट्कारेर फालिन् र कतै नहेरी त्यो अधवैसें आइमाई (सायद उनको आमा हुनुपर्छ) ले राखेको खानाको थाल बोकेर हामीतिर आइन्।

उनी हामीतिर पटक्कै हेर्दै थिइनन्। मलाई लाग्यो अघि मैले उनलाई जिस्क्याएकाले उनी रिसाएकी हुन् कि! उनले खानाको थाल हाम्रो टेबुलमा राख्दै गर्दा मैले सुरजतर्फ हेर्दै भनें 'सुरज, निताजीले बनाएको खाना पक्कै मिठो हुन्छ, बुझिस्।' मैले यतिभन्दा उनले खाना पनि हाम्रो टेबुलमा राखिसकेकी थिइन्। उनका थोरै मसिना तर लाम्चा ठ्याक्कै बदामी आँखालाई ठूलो पार्दै पुलुक्क मतिर हेरिन् र उनको ओठलाई दाँयातिर मोड्दै दायाँतर्फका पंक्ति मिलेका सेता दाँतहरू देखाएर मुसुक्क हाँसिन् अनि जवाफ दिइन्।

'री खाना मैले पकाएको हैन।' उनी सरासर भान्सातिर लागिन्। हाम्रो त्यो दिनको यात्रा जाजरकोटसम्मको थियो। त्यसैले हामी खाना खाएर छिट्टै सल्लिबजार छोडेर अगाडि बढ्नु पर्ने थियो। हामी खाना खाँदै थियौं। एक्कासी आकाशबाट पानी पर्न थाल्यो। पानीमा ओत लाग्न लजभित्र छिरेका मान्छेहरूको भीड बढ्दै थियो। अनि बढेको भीडबाट आवाज आइरहेको थियो। पारीपट्टि अब गाडी जान सक्तैन। मैले भीडले के भन्न खोजेको हो नबुझेकोले भीड मध्येबाट थोरै बुज्रुक जस्तो देखिने एकजना व्यक्तिलाई सोधें।

'दाइके भयो ?' उनले मतिर हेर्दै भने 'पानी परेकोले अब भेरीमा फेरी नचल्ने भयो, अब वारिपट्टिका गाडीहरू वारि नै रहने भए भनेको।' उसको कुराले म थोरै झस्किएँ, हामीलाई त आज नै जाजरकोट जानु पर्ने, अब कसरी जाने ? मैले सुरजतिर प्राश्निक आँखाले हेरें। एकछिनमा पानी रोकियो अनि सबै जना ओता लाग्नेहरू त्यहाँबाट बाहिरिए। सायद होटलमा पाहुनाहरू कम थिए। हामी पनि उनीहरूसँगै बाहिरियौं। जाजरकोट जानका लागि केही उपाय छ कि भन्ने सोच्दै उपायको खोजीमा एकछिन भौतारियौं तर अहँ पानी परेपछि फेरी चल्ने सम्भावना नहुँदो रहेछ। हामीलाई जाजरकोट जानको लागि सल्लिबजार, देवस्थल गाविस, सल्यान जिल्ला र राकम गाबिस सुर्खेत जिल्लालाई जोड्ने भेरी नदीको झोलुङ्गेपुलबाट पारि गएपछि त्यहाँ जाजरकोट जाने बस लाग्दो रहेछ। हाम्रो गाडीलाई त्यहीँ वारिपट्टि राखेर जाजरकोट जानुपर्ने भएपछि हामी थोरै अन्यौलमा पर्‍यौं।

पानी रोकिएपछि सल्लीबजारको तापकम पनि थोरै बढेको थियो। हामी भर्खर रोकिएको पानीलाई गाली गर्दै फेरि त्यही हाम्रो पुरानो लजमा आइपुग्यौं। त्यही लजमा फर्किनुमा दुइटा प्रस्ट कारण हुन सक्थे। एउटा हामीले त्यो गाउँमा चिनेको त्यो लज मात्र थियो। अनि अर्को त्यो लजमा एकजना सुन्दर युवती पनि थिइन्। हामी साहुनीसँग चिया बनाउन अनुरोध गर्दै थियौं।

साहुनीले सोधिन्, 'बाबुहरू कहाँसम्म जाने ?' सुन्दरले छिट्टै जवाफ दियो।

'जाजरकोट।' पानी परेकोले आज फेरी चलेन, त्यसैले अब भोलि जानुपर्ने भयो।' सुन्दरले साहुनीसँग अर्को प्रश्न गर्‍यो 'साउनी कोठा त छ होला नि हैन ?' साहुनीले सहजै उत्तर दिइन। 'कोठा त छ बाबु तर पारिबाट गाडी लाग्छ नि। गाडीमा गए त भैहाल्छ नि जाजरकोट।' हामी आफनो गाडी छोडेर लोकल बसमा जाने मनस्थितिमा थिएनौं। तर हाम्रो कुरा हामीसँगै राखेर मैले साहुनीलाई थोरै जोसिएर सोधैं

'साहुनी अनि यो भेरी नदीमा गाडी चल्ने पुल बन्दै छ हैन ?' मेरो प्रश्न सकिन नपाउँदै साहुनी सुस्ताइन 'बाबु यो बर्षसम्म त सकिन्छ, त्यसपछि यो फेरीको झन्झटै हुँदैन।'

'आमा म जान्छु है ?' एकाएक मिठो आवाज हाम्रो कानमा पर्‍यो। 'ए यता हेर त' साहुनी चिच्याइन्। कालो रङ्गको टिसर्ट र क्वाटर पाइन्ट लगाएकी अनि बाहिरपट्टि पहेंलो रङ्गको ज्याकेट लगाएकी, अनुहारलाई मेकअपले गुलाबी बनाएकी निता झट्ट हामी बसेकै टेबुल अगाडि आइपुगिन्। उनलाई देखेर मेरो आँखाले अन्त हेर्नै मानेनन्, उनीतिरै हेरिरहें। मलाई उनी कहाँ जाँदै छिन् भनेर सोध्न मन लागेको थियो तर सोध्न सकिन। साहुनीले सोधिन् 'कहिले आउँछेस्।' भोलि बिहानको कार्यक्रम हो। भोलि बेलुका नभए पर्सि बिहान्।' 'ए ल राम्रोसँग गएस्।' आमा छोरीको संवाद सकिने बित्तिकै निता हराइहालिनत्। मैले साहुनीलाई थोरै धक मान्दै सोधें। 'छोरी कता जान लागेकी हुन्, नेपालगञ्ज कि सुर्खेत ?'

साहुनीले खुलेर बताइन् 'उ जाजरकोट जान लागेकी। राकमबाट बसमा जान्छे। बाबुहरूको गाडी जानसकेको भए बरु त्यसैमा जान्थी होली। 'हाम्रो कार्यक्रम परिवर्तन गर्न यति कुरा काफी थियो। निताविनाको त्यो होटलमा बस्नुभन्दा बिहानको जाजरकोटको कार्यक्रममा जानु हामीलाई एकाएक जरुरी लागेर आयो। साहुनीसँग बिदा मागेर हामी हाम्रो गाडीलाई त्यही होटल अगाडि थन्काएर हिड्यौं, जाजरकोटतर्फ।

भेरी गंगा यातायात समितिद्वारा संचालित गाडीको टिकट काटेर जाजरकोट प्रस्थान गर्‍यौं। हामीलाई राकमदेखि जाजरकोटसम्मको ६२ कि.मि को यात्रा तय गर्नु थियो। त्यो पहाडी बाटोमा पहाडकी सुन्दरी निताालाई कतै भेटिन्छ कि भनेझै गाडी रोक्ने बित्तिकै हामी आशातित भएर ढोकातिर हेर्‍थ्यौ। हामी जाजरकोट पुग्यौं तर निता भेटिइनन्। नितालाई नभेटिएर अमिलो भएको मनलाई भोलिपल्टको कार्यक्रमको मिठो कल्पनाले खुसी बनाउँदै त्यो रात जाजरकोटमा नै बितायौं।

'सम्भव, हेर त ऊ निता।' भोलिपल्ट कार्यक्रम स्थलमा एक्कासी सुरजले नितातिर देखाउँदै भन्यो। हिजो बाटोभरि खोजेको नितालाई आफ्नै अगाडि देखिनुले, आँखाहरू खुसीले चम्किला भए। कार्यक्रम सुरु भइनसकेकोले हामीसँग कुरा गर्न समय रहन्थ्यो नै। आफू पत्रकार मान्छे, पेसाले जिज्ञासु अनि पेसा अपनाउनु अगाडि पनि सानैदेखि जिज्ञासु प्रवृत्तिको कारण पनि निता कसरी यो कार्यक्रममा आइपुगिन् भन्ने कुराको जिज्ञासा मनमा थियो। अनि हिजोसम्म पहाडको सानो भात होटलको परिवेशमा देखिएकी निताको भिन्न परिवेश, भिन्न फेसन र भिन्न चालढालले साँच्चै जिज्ञासा सिर्जना गरेकै थियो।

'निताजी हिजो कुन गाडीमा आउनुभयो ? हामी पनि हिजै आयौं तर बाटोमा कतै भेटिएन त ?' मैले कुरा निकालें।

'बसमा आएको, म राकममा एकछिन भुलें। अलि राति नै आइपुगें।' उनी हामीभन्दा पछि आइपुगिछन्। धत्तेरी हामी के हतारिएर हिँडेको होला भन्ने लाग्यो। निताजी के गर्नहुन्छ भनेर सोधौं भने उनको होटलमा उनले नै खुवाएको खाना खाएको तर फेरि यो पत्रकारहरूको कार्यक्रममा उनको उपस्थितिले मनमा प्रशस्त जिज्ञासा उब्जाएकै थियो।

मैले अर्को प्रश्न सोधें- 'भेरी नदीको फेरी सधैं वर्षामा बन्द हुन्छ होला हैन निताजी ? जाजरकोटलाई जोड्ने भेरी नदीको पुल अब अर्को वर्षसम्ममा त बन्छ होला हगि?'

'एघार वर्षदेखि हरेक अर्को वर्ष पुल बन्छ भन्ने आशामा बसेका छन्पुरा जाजरकोटवासी, भेरीको पुल बन्र्ला र निर्वाध रुपमा गाडी सञ्चालन होला भन्दै कुर्ने यहाँका बासिन्दाको नियति नै भैसकेको छ। यहाँबाट डाइरेक्ट काठमाडौं नाइट गाडी छुटाउने अनि त्यो गाडीमा काठमाडौं पुग्ने सपना बोकेका जाजरकोटबासीहरू हरेक वर्ष राकम जान्छन्, आधा मात्र बनेको पुल हेर्छन् अनि घुटुक्क थुक निल्दै अर्को वर्ष त पक्कै बन्छ भन्ने आशाका साथ फर्कन्छन्। एघार वर्ष यसैगरी बित्यो अरु थप कति वर्ष बित्ने हो थाहा छैन' फेरि सहज तर व्यङ्ग्यात्मक मुस्कान निकाल्दै भनिन् उनले। उनको कुराले म अचम्ममा परें।

जाजरकोटबाट फर्किएको रात हामी उनकै होटलमा बस्यौं। मैले साँझ पख मेरो मोवाइलबाट एउटा म्यासेज पठाएँ। 'निताजी तपाईंसँगको भेटघाट रमाइलो भयो। हाम्रो कार्य क्षेत्र सायद एउटै भएकोले होला तपाईसँग नजिकिन समय नै लागेन।' म्यासेजेको रिप्लाई नआउन पनि सक्थ्यो। तर आउला भन्ने आशामा आँखाहरू मोवाइलको स्क्रिनमा एकटक लगाएर हेरिरहेका थिए। म्यासेज आएन, साँझ बित्यो, खाना खाने समय भयो। साहुनीले खाना लगाइन्, तर म्यासेज आएन।

रातको करिव १ बजेको हुदाें हो। हल्लाखल्लाको बीच नारी रोदन प्रस्ट हाम्रो कोठासम्म सुनिन्थ्यो। सुरज र म त्यहीतर्फ लाग्यौं। हाम्रो होटलको भान्सासँगैको कोठाबाट आवाज आइरहेको थियो। कोठाभित्रको रोदन, चित्कार कसैको हैन, निताको थियो। नितासँग म केही नजिक भैसकेको थिएँ सायद उनको पीडा र रुवाईले मलाई पनि विचलित बनायो। आफैंलाई दुखेझैं भयो। 'निताजी के भयो ?'मैले सोधैं निता बोल्न सक्ने अवस्थामा थिइनन्। साहुनीले जवाफ दिइन्।

'हेर्नोस् न बाबु यसलाई कहिलेकाँही यस्तै टाउको दुख्छ सहनै सक्दिन, आज पनि एक्कासि दुखिहाल्यो, कम नै हुँदैन।' यो राति हुँदो कहाँ लानु, गाउँमा सानो मेडिकल पसलमात्रै छ, डाक्टर छैनन्, साह्रै गाह्रो भो यसलाई 'निताको टाउको सुम्सुम्याउँदै थिइन् साहुनीले।

'निताजी पहिला पनि दुख्थ्यो ?'सुरजले प्रश्न गर्‍यो। म त स्तब्ध थिएँ, उनको पीडा अनि रुवाईले स्तब्ध। 'मलाई माइग्रेन हेडेक हुन्छ यसरी दुखेपछि पेन किलर इन्जेक्शन नै लगाउनु पर्छ अनि बल्ल कम हुन्छ।' उनको अनुहार दुखाइले थोरै सुन्निएको थियो। रुन्चे स्वर निकालिन्। मैले साहुनीलाई सोधैं 'यहाँ नजिक हस्पिटल कहाँ छ ?'सुर्खेतमा छ।'

'निताजी सुर्खेत जाउँ।' उनको आवाज पूरा नसकिँदै मैले भनें। मैले हाम्रो गाडीको स्टेरिङ्ग समातें, साहुनीले नितालाई लिएर पछाडिको सिटमा बसिन् अनि सुरज अगाडिको सिटमा। मैले भएभरको सीप प्रयोग गरेर गाडी चलाएँ। हामी करिब २ घन्टामा सुर्खेत आइपुग्यौं। माया नर्सिङ्ग होम सुर्खेतमा आकस्मिक सेवा पनि थियो। उनलाई पेनकिलर दिएपछि पीडा कम भएछ, उनका आँखा लोलाए, उनी निदाइन्।

बिहानपख हामी सल्लिबजार फर्कियौं। निताको टाउको दुखाई पनि कम भैसकेको थियो। हामी केही हप्ता त्यहीं बस्ने भयौं। निता अब खुलेर बोल्न थालिसकेकी थिइन्। उनी र म बिशेष नजिक थियौं। बेलाबखतमा सँगै र नजिक हुँदा पनि हामी मोबाइलको सहयोगले म्यासेजमार्फत् कुरा गर्थ्यौं। मैले एक दिन जिस्क्याएर मेसेज गरेको थिएँ। 'निताजी तपाईं सुन्दर हुनुहुन्छ, सुन्दरता हेर्नेको आँखामा हुन्छ भन्थे तर हैन रहेछ सुन्दरता त आँखाको ओजमा, मुहारको तेजमा अनि मुस्कानको गहिराइमा हुँदोरहेछ।'


उताबाट उस्तै रिप्लाई आयो। 'स्टुपिड, म सुन्दर छैन। तपाईंको म्यासेजले चाँहि सुन्दर बनाएको हो।' काठमाडौं फर्कने दिन हामीलाई विदाई गर्न हाम्रो उपभोक्ता समितिका सबै सदस्य उपस्थित थिए। त्यसको बीचमा निता नियाउरो मुख लगाएर उभिएकी थिइन्। सबै जना हाम्रो योजनामा विश्वस्त थिए। त्यो गाउँका मानिसलाई स्वच्छ पानी प्रदान गर्ने त्यो ठूलो संकल्पमा हामी सफल हुनु नै थियो अनि सम्पूर्ण बिदाइमा आएका मानिसहरूको आँखामा स्वच्छ पानी पिउने सपना सजिएको थियो। सपनाहरू सजिएका आँखाहरूले भन्दैथिए, 'सम्भव, सुरज, तिमीहरू फर्केर आऊ है, हामीहरूलाई सपना बाँडेर, अधुरो बनाइ फेरि आफ्नै संसारमा नहराऊ है। ती सपनाको बीच सायद एउटा अर्को सपना थियो निताको। भीडको बीचबाटै थोरै अगाडि आएर आफ्ना काँपिरहेका सुन्दर तर भावुक ओठहरूबाट मतिर हेर्दै आवाज निकालिन्, 'छिटो आउनुस् है, कुरी बस्छु।' मैलै प्रतिउत्तरमा केही भन्नै सकिन। मुखबाट आवाज निस्किएन। बरु आँखाबाट आँसु पो निस्कियो। गरम टाउको हल्लाउँदै 'हुन्छ' को जवाफ दिएँ।

हामी काठमाडौं आइपुग्यौं। काठमाडौंमा हामीलाई धेरैले सहयोग गर्नुभयो। हाम्रो उद्देश्यको लागि पुग्ने आर्थिक स्रोतको जगेर्ना गरेर हामी पश्चिम जाने तयारीमा जुटयौं। भोलिपल्ट हिँड्नु थियो। नितासँग कुरा नभएको पनि धेरै भएको थियो। काठमाडौं फर्केर आएपछि नितासँग लगभग कुरा भएको नै थिएन, त्यसैले पनि उनलाई भेट्ने कल्पना मात्रले पनि म उत्साहित भएथें। लगेजहरू तयार भए, हिँड्ने तयारी भयो।

एकाएक मोवाइमा म्यासेज आयो, हेरें म्यासेज निताको रहेछ। उत्साहित भएर पढें। लेखिएको थियो 'सम्भव हामीले दुःखसुखका कुरा धेरै बाँडेका थियौं, तपाई मेरो नजीकको साथी हुनुहुन्छ। त्यसैले बताउँदैछु। मेरो भोलि विवाह छ, तपाईंहरू फर्केर आउँदा म सायद सल्लिबजारमा भेटिन्न होला, म नभए पनि हाम्रो उद्देश्य पूरा गरिदिनु होला बाइ बाइ।'

निताले अगाडिका म्यासेजहरूमा सधैं फेरि भेटौंला लेखेकी हुन्थिन्। 'बाई बाई हैन, फेरि भेटौंला भन्नुपर्छ किनकी हामी फेरि भेट्नेछौं'। यो उनको भनाइ थियो। मैले उनको म्यासेजको रिप्लाई लेखें। 'अल द बेस्ट, राम्रो जीवन साथीको लागि बधाई अनि सुखमय जीवनको लागि शुभकामना।' यति लेख्दा आँखाहरू पुरै भिजेका थिए। भिजेका आँखाले सुरजलाई पनि प्रस्ट देखेनन्, उतिर नहेरिकनै उसलाई आफनो मोवाइल दिँदै भने 'सुरज म अब सल्लिबजार जाँदिन, तिमी एक्लै जाऊ। तर हाम्रो उद्देश्य पूरा गरेर आउनुपर्छ तिमीले।' ऊ केही नबोली मेरो मोवाइल हेर्दै बसिरह्यो।

## स्वस्थ दाँत कसरी बनाउने ?



हरेक दाँतको बाहिरी सतह इनामेल र डेन्टिनले ढाकेको हुन्छ, जसभित्र पल्प नामक नरम तत्व हुने गर्छ। कुनै पनि बाह्य दबाबका कारण दाँतको सतहमा रहेका नसामा असर गर्न सक्छ। जस्तै, किराले खाएर गहिरो घाउ हुँदा वा बाह्य चोटपटकका कारण पल्पमा असर गर्न सक्छ। यसको उपचार दाँतको नसादेखि गर्नुपर्ने हुन्छ। दुखाइ कम गर्न दाँतको नसादेखि गरिने उपचारलाई रुट डेन्टल ट्रिटमेन्ट अर्थात् जरैदेखि उपचार भन्ने गरिन्छ।

विभिन्न कारणले दाँत दुख्न सक्छ। कतिपय अवस्थामा कारणसमेत थाहा हुन्न। यसो भएमा नसाको चेकजाँच गरेर उपचार गर्नुपर्ने हुन्छ। उपचारका क्रममा दुखाइ कम गर्न नदुख्ने सुई लगाउनुपर्छ। दाँतको माथिल्लो भागमा सानो प्वाल बनाएर दाँतको जरासम्म पुग्नुपर्छ। त्यस्ता प्वालबाट स-साना सामान प्रयोगबाट नसाका नली सफा गरिन्छ। नसाहरू पूर्ण रूपमा सफा भएपछि त्यसको स्थानमा कृत्रिम नसा राखिन्छ, जसलाई चिकित्सकीय भाषामा गट्टा पर्चा भनिन्छ। दाँतको माथिल्लो भागमा पारिएको प्वाल सिमेन्ट लगाएर टालिन्छ।


दाँतको जराको उपचार गर्दा कम्तीमा तीनदेखि चार दिन लाग्न सक्छ। यस अवधिमा कम्तीमा तीनदेखि चारपटकसम्म नसा सफा गर्नुपर्ने हुन्छ। हरेक उपचारमा ३० देखि ४५ मिनेट लाग्न सक्छ।

आरसिटी बिरामीको दाँतमा रहेको जराको संख्या, जराको बनावट र संक्रमणका आधारमा समय फरक हुन सक्छ। चोटपटक वा किराले खाएर भएको संक्रमण व्यक्तिको स्वास्थ्य अवस्थाका आधारमा पनि फरक हुन्छ।

उपचारपछि दाँत बलियो नहुन्जेलसम्म वा सामान्य अवस्थामा ल्याउन कभर प्रयोग गर्नुपर्ने हुन्छ। आरसिटीपछि दाँतमा नसा र रक्तसञ्चार नियमित हुन समय लाग्ने भएकाले दाँत कमजोर हुन्छ। कडा वस्तु चपाउँदा यसको असर सीधा दाँतमा पर्ने भएकाले उपचारको समयमा ध्यान दिन आवश्यक हुन्छ।

दाँतमा संक्रमण भएमा जरा, नसा र वरपरको हड्डीमा असर पर्ने भएकाले समयमा उपचार गर्नुपर्ने हुन्छ। कतिपय अवस्थामा कुनै बाह्य कारण नहुँदासमेत दाँतको जरामा संक्रमण भइरहेको हुन्छ। दाँतको दुखाइ भएमा सम्बन्धित चिकित्सकको सल्लाह जरुरी हुन्छ।

## पत्रकार थपलिया पुरस्कृत



काठमाडौं। नेपाल पत्रकार महासंघ जिल्ला शाखा नुवाकोटले शिवपुरी मिडिया नेटवर्कका अध्यक्ष तथा सगरमाथा पोष्ट डट कमका सम्पादक रविनप्रसाद थपलियालाई स्व. रामकृष्ण प्रधान स्मृति पत्रकारीता पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ।

विगत २० वर्षदेखि नेपाली पत्रकारितामा क्रियाशील पत्रकार थपलियालाई नुवाकोट जेसीसद्धारा स्पोन्सर गरिएको स्व रामकृष्ण प्रधान स्मृति पत्रकारीता पुरस्कार दिन लागिएको हो। पुरस्कारको राशी ११ हजार १ सय ११ रहेको छ। थपलियाको रेडियो, पत्रिका र अनलाइन लगायत दर्जन बढी मिडियामा

नेपाल पत्रकार महासंघ जिल्ला शाखा नुवाकोटको आज बसेको बैठकले पत्रकार थपलिया सहित त्रिशूली प्रबाह साप्ताहिका प्रकाशक एवं सम्पादक शरण उत्सुक सापकोटालाई दिर्घसेवा सम्मान-२०७७, अर्थपथ डटकमका सम्पादक बिष्णुराज जम्कट्टेल (बिष्णु तारुके) लाई स्वर्गिय मोहन विक्रमध्वज जोशी स्मृति पत्रकारिता पुरस्कार-२०७७ र बिबिसी नेपाली सेवाका सम्वाददाता शक्तिमाया तामाङलाई महिला पत्रकारिता पुरस्कार-२०७७द्धारा सम्मान तथा पुरस्कृति गर्ने निर्णय गरीएको नेपाल पत्रकार महासंघ जिल्ला शाखा नुवाकोटका अध्यक्ष कपिल देव खनालले बताए।

बिगत २० बर्ष देखि नेपाली पत्रकारीतामा क्रियाशील पत्रकार थपलिया नुवाकोटबाट प्रकाशीत नयाँ रुपरेखा साप्ताहीक, एचविसी ९४ एफ एम, गोर्खा एफएम, अग्निवाँण पाक्षिक पत्रिका लगायत दर्जन बढी मिडियामा काम गरिसकेका छन्। उक्त पुरस्कार र सम्मान नेपाल पत्रकार महासंघ जिल्ला शाखा नुवाकोटको १० औ बार्षिक साधारणसभाको अवसरमा पुस ९ गते सुखद पाहुना घर बिदुरमा प्रदान गरिने नेपाल पत्रकार महासंघ नुवाकोटले जनाएको छ।

# चीनमा झन् लोकप्रिय बन्दै माओ



विष्णु भट्टराई

## सन्दर्भ माओ जयन्ती

चिनियाँ समाजवादी आन्दोलनका प्रणेता माओत्सेतुङको १२७ औं जन्मजयन्तीको दिन हो डिसेम्बर २६। आजभन्दा १२७ वर्षअघि सन् १८९३ डिसेम्बर २६ माओ जन्मिएका थिए। सन् १९२१ मा उनी चिनियाँ कम्युनिस्ट पार्टी स्थापना गर्नेमा सामेल भए। कम्युनिस्ट पार्टी क्योमिन्ताङबीच सहकार्य हुन सकेन। माओले हुनान किसान आन्दोलनको नेतृत्व सम्हाले। चीनमा त्यसबेला साम्राज्यवादी हैकम कायम थियो। जनता सामन्तवादको साङ्लोमा बाँधिएका थिए। चीनबाट साम्राज्यवादलाई लखेट्नु थियो, अर्कोतिर किसान र साना पुँजीपति वर्गलाई सामन्तवादको शोषण र थिचोमिचोबाट मुक्त गराउनु थियो। माओले क्रान्तिको बाटो आफैं तय गरे अनि त्यसलाई नौलो जनवादी क्रान्ति भने। यसको नेतृत्व मजदुरले गर्ने भए पनि किसानको सहभागिताबिना मुक्ति सम्भव नहुने भन्दै यसलाई दीर्घकालीन जनयुद्धको बाटो अपनाए। चिङकाइसान पर्वतलाई आधार इलाका बनाउँदै माओले किसान सामेल भएको जनमुक्ति सेना बनाए। जनमुक्ति सेनाकै बलमा उनले जापान विरोधी युद्धमा विजय हासिल गरे भने परम्परागत सामन्ती शासनको सिकञ्जाबाट चिनियाँ जनतालाई स्वतन्त्र गराए। सन् १९४९ मा चीनमा कम्युनिस्ट सत्ता स्थापना भयो।

माओले १९४९ देखि १९७७ सम्म अनवरत रुपमा चिनियाँ राजकीय सत्ताको नेतृत्व गरे। चीनमा समाजवादी समाज निर्माण गर्न उनले गरेका कामहरूलाई अहिले पनि चिनियाँ जनताले सम्झना गरिरहन्छन्। माओको नेतृत्वकालमा चीनले अभूतपूर्व रुपमा विकासको गतितिर फड्को मार्‍यो। चीनलाई विश्व जगतसँगै अघि बढाउनु अर्कोतिर चिनियाँ मजदुर र किसानको जीवनमा आधारभूत परिवर्तन ल्याउनु चानचुने कुरा थिएन। साम्राज्यवादीद्वारा थिलथिलो बनाइएको चीनलाई विकासको द्रुतगतिमा दौडाउन ड्राइभरको भूमिका निभाए माओले। चीनले राष्ट्रसंघ सुरक्षा परिषद्को पुनः सदस्यता पायो। आफ्नै तागतमा चीन आणविक बम सम्पन्न भयो। देशव्यापी रुपमा भौतिक उन्नतिका पूर्वधारहरू तयार गरिए। आधारभूत स्वास्थ्य सेवा, शिक्षा सेवा, बालबालिका र महिला विकासको व्यापक विस्तार गरियो। मानव विकास सूचकांकमा चीनले अशोभनीय रुपमा फड्को मार्‍यो। १९७८ मा सुधारका कामहरू सुरु गर्नुअघि नै चीनले विश्वका आफूसरहका अरु देशलाई आधारभूत विषयमा निकै पछाडि पार्न अरु देशलाई आधारभूत विषयमा निकै पछाडि पार्न सफल भएको थियो। विश्वको सबभन्दा ठूलो जनसंख्या भएको र युगौंदेखि सामन्ती शोषणले आक्रान्त बनेको चीनलाई उद्योगधन्दा, कलकारखाना र कृषि लगायतका क्षेत्रमा स्वावलम्बी बनाउनु कम सकसपूर्ण काम थिएन। मजदुर सुरक्षाका निमित माओले लागू गरेको नीतिले उल्लेख्य उपलब्धि हासिल गर्‍यो।

माओले समाजवाद निर्माणमा हतारो गर्दा उनी अहिले पनि आलोचित बनेका छन्। यही क्रममा उनले सामूहिकीकरण अभियान र सांस्कृतिक क्रान्ति सुरु गरे जसले माओलाई विवादमा तान्यो। चाङचिङ लगायतको 'ग्याङ अफ फोर' को उद्दण्डताले चिनियाँ जनतालाई हैरान बनायो। यसमा माओले हस्तक्षेपकारी भूमिका खेल्न सकेनन्। सांस्कृतिक क्रान्तिले स्वतस्फूर्त जनसहभागितालाई गौण बनायो। आदेश र योजनाले प्राथमिकता पाए। पुँजीवादी विकसमा आधारभूत चरणलाई फड्को मारेर समाजवादतिर लम्किन हतार गर्दा र तालमेल नमिल्दा चिनियाँ समाज अन्यौलमा फस्यो। चीनमा अहिले पनि माओको योगदानलाई लिएर व्यापक बहस चलिरहेको छ। धेरै मानिसहरू उनलाई अझै सम्मान गर्छन्, उनको फोटोको पूजा नै गर्छन्। केही मानिसहरू सामूहिकीकरण अभियानका बेला किसान र जमिनदारमाथि मनोपोली ज्यादती गर्ने नाइकेका रुपमा उनलाई लिन्छन्।

सांस्कृतिक क्रान्तिका क्रममा नष्ट गरिएका चिनियाँ प्रचीन वैभवको जिम्मेवार माओलाई नै ठहर्‍याउँछन्। उनको चीनको निर्माणमा रहेको भूमिकालाई गौण बनाउने काम गर्छन्। चीनले लिएको सुधारको बाटोले चीनमा बढ्दो असमानता, असुरक्षा र भ्रष्टाचार बढाएकोमा एक थरी मान्छे भने चिन्तित छन्। उनीहरू समानतापूर्ण समाजको माओले देखाएको बाटो नै चीनले अवलम्बन गर्नुपर्ने धारणा राख्छन्।


सन् १९७६ मा माओको निधनपछि चीनलाई देङ सियाओ पिङ सुधारको बाटोतर्फ लान नेतृत्व गरे। चीनले अहिले जति उन्नति गरेको छ, त्यसको आधार भने माओकालीन चीनले गरेको उपलब्धि नै हो। चिनियाँ परिवेश अनुरुप माओले क्रान्तिको बाटो पहिल्याएर त्यसको सफल नेतृत्व गरे। हरेक देशको क्रान्ति र परिवर्तनको बाटो एउटै प्रकारको हुँदैन भन्ने माओको बुझाइ थियो। उनका उत्तराधिकरीहरूले पनि चिनियाँ समाजमा देखापरेको अन्तर्विरोध र विश्वमा भइरहेको फेरबदललाई सही ढंगले केलाए र आफू अनुकूल नीति निर्माण गरे। जसका कारण चीन आज विश्वकै ठूलो अर्थतन्त्र बन्न पुगेको छ। अति महाशक्ति राष्ट्र अमेरिकालाई अबका अढाई दशकपछि उछिन्दै विश्व अतिमहाशक्ति राष्ट्रको ताज पहिरिनेवाला छ। चन्द्रमादेखि मंगलग्रह चहार्दै चीनले अभूतपूर्व विज्ञानको विकासलाई संसारसामु प्रस्ट पारिसकेको छ। विश्वकै अग्लो टावर बनाउनेदेखि द्रुतगतिको रेल समेत चलाएर उसले चरम विकासको महारथ हासिल गरिसकेको छ।

माओले आफ्नो जीवनकालमा चीनमा समाजवाद निर्माणको मात्र नेतृत्व गरेनन्, विश्वमा भएका साम्यवादी क्रान्तिलाई भरपुर सहयोग गरे, वैचारिक नेतृत्व प्रदान गरे अनि साम्राज्यवादसँग टक्कर लिए। तेस्रो विश्वमा भइरहेका साम्राज्यवादविरोधी क्रान्तिका पक्षमा जोडदार आवाज उठाए। माओको नेतृत्वले विश्वको शक्ति सन्तुलनमा निकै ठूलो परिवर्तन ल्यायो। विश्वमा श्रमजीवी जनतामा मुक्ति र स्वतन्त्रताको आशा जगाउन



उनी सफल रहे। जनतालाई बलियो बनाउने, उनीहरूलाई राज्यको निकट बनाउने निर्णय प्रक्रियामा जनतालाई सामेल गरेर गोलबन्द गर्ने काम गरे उनले। माओ छँदै युरोपमा साम्यवादी आन्दोलन चर्किए, धेरै मुलुकहरूले क्रान्तिको कोर्स पूरा गरे। ल्याटिन अमेरिकी देशहरूमा पनि साम्राज्यवाद विरोधी आन्दोलन चर्किए। एसियाली मुलुकहरूमा पनि समाजवादी क्रान्तिको आरम्भ भयो।

अमेरिकी पत्रकार तथा लेखक एड्गर स्नोले बहुचर्चित पुस्तक 'रेड स्टार ओभर चाइना' मा माओत्सेतुङको एउटा फरक टिप्पणी गरेका छन्। पटक पटक माओसँग भेटेका स्नोले लेखेका छन्- वास्तवमा माओत्सेतुङ जनतालाई आफ्नो निर्णय आफैं गर्न सक्ने बनाउन चाहन्थे। बाँकी क्रान्ति किन र कसरी गर्नुपर्छ भन्ने त उनीहरू आफैंले निर्णय गर्ने हो। आफ्नो अधिकारका लागि उनीहरू सचेत भएपछि जनतामाथि कसैले बलात् क्रान्ति लाद्नुपर्ने छैन। माओलगायत थुप्रै चिनियाँ नेतासँग अन्तर्वार्ता गरेका स्नोको अभिप्राय माओको मुखय जोड क्रान्तिको मुख्य सैद्धान्तिक अवधारणासँग थियो मान्छेको असन्तुष्टिसँग होइन भन्ने हो।



लेनिनको नेतृत्वमा रुसमा सम्पन्न अक्टोबर क्रान्तिको प्रभावले नै माओ चिनियाँ जनताको मुक्तिका लागि उत्प्रेरित भएका थिए। चीनमा कायम च्याङकाई सेकको मध्ययुगीन सामन्ती शासनलाई समाप्त गर्न माओले बोल्सेविक क्रान्तिका नायक लेनिनले क्रान्तिका लागि निश्चित र ऐतिहासिक वस्तुगत र मनोगत अवस्थाहरू परिपक्व हुनुपर्ने कुरामा जुन जोड दिएक थिए त्यसलाई गहिरो अध्ययन गरे। लेनिनले भनेका थिए क्रान्तिका लागि तीन वस्तुगत अवस्था हुनुपर्छ। पहिलो तत्कालीन शासक वर्गबीच चुलिएका अन्तर्विरोधका कारण राज्यसत्ता नै संकटमा पर्नु, दोस्रो बहुसंख्यक जनता चरम गरिबी, अभाव र उत्पीडनमा रहनु, तेस्रो सामान्य अवस्थामा क्रान्तिको चाहना गर्ने जनता विभिन्न संकटमा चुलिँदै जाँदा संगठित तवरले क्रान्तिकारी गतिविधिहरूमा सक्रिय बन्ने परिस्थितिको निर्माण हुनु। साथै क्रान्तिका लागि आम जनताको मनोविज्ञान पनि तयार हुनुपर्छ।

उल्लेखित अवस्थाहरू चीनमा विद्यमान देखेरै माओले दीर्घकालीन सशस्त्र जनयुद्धको आरम्भ गरेका थिए। मार्क्सवादी दृष्टिकोणका आधारमा चीनमा सशस्त्र संघर्ष सबै हिसाबले अनुकूल थियो। यस्तो अवस्थामा माओले क्रान्तिको सम्भावना देख्नु मार्क्सवादसम्मत थियो। यही कारण माओ र उनले नेतृत्व गरेको सशस्त्र जनयुद्ध सफल भएको थियो।

माओले चिनियाँ जनतालाई सामन्ती दासताबाट मुक्त मात्र गराएनन् कम्युनिस्ट आन्दोलनलाई नै नयाँ विचार दिए। दीर्घकालीन छापामार युद्धबाट गाउँले सहरलाई घेर्दै केन्द्रीय सत्ता खोस्ने क्रान्तिकारी प्रक्रिया नै माओको दिग्दर्शन हो। यसलाई कतिले विचारको रुपमा लिएका छन् भने कतिले वादको रुपमा। माओ विचार/वादलाई खासगरी अविकसित, अल्पविकसित र विकासोन्मुख देशहरूका क्रान्तिकारी कम्युनिस्टहरूले प्रयोग गरे र गरिरहेका छन्। यसको प्रयोगले पेरुमा उचाइ चुमेको थियो। तर गोन्जालोको गिरफ्तारीसँगै पेरुको कम्युनिस्ट आन्दोलनले ठूलो धक्का खायो। नेपालमा पनि माओवादीहरूले माओवादलाई नेपाली भूमिमा प्रयोग गरे। सशस्त्र युद्ध उत्कर्षमा पुगे पनि माओले दिग्दर्शन गरेको नयाँ जनवादी क्रान्ति भने सफल भएन। माओवादीहरूले जनयुद्धलाई विसर्जन गरे।

त्यसो त २०२८।२९ सालमा झापाली युवाहरूले माओ विचारको अनुशरण नेपालमा पहिलो पटक गरेका थिए। सशस्त्र झापा किसान विद्रोहले संशोधनवादमाथि प्रहार मात्र गरेको थिएन देशमा क्रान्तिकारी कम्युनिस्ट आन्दोलनलाई उठान गरेको थियो। त्यतिबेलै भारतमा चारु मजुमदरले पनि माओ विचारलाई पथप्रदर्शक बनाएर सशस्त्र किसान युद्धको सुरुवात गरेका थिए जसलाई नक्सलवादी आन्दोलनका रुपमा चिनिन्छ।

चारु मजुमदारको भारत सरकारले कायरतापूर्वक हत्या गरेपछि नक्सलवादी आन्दोलन सेलाउन पुग्यो। अहिले चारदशकपछि फेरि भारतमा माओवादी आन्दोलन उठिरहेको छ। छत्तीसगढ, पश्चिम बंगाल, विहार, महाराष्ट्र, आन्ध्र प्रदेश, उत्तर प्रदेश, असम, झारखण्ड लगायतका राज्यहरूमा माओवादी प्रभाव देखिएको छ। चारु मजुमदारले सुरु गरेको आन्दोलनलाई माओले भारतमा बसन्तको मेघ गर्जन भन्दै समर्थन गरेका थिए।

नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने माओ फर्मुलाको प्रयोग चीनमा बाहेक अन्यत्र सफल भएको पाइँदैन। तर माओ आम सर्वहारा वर्गका शिक्षक भने अवश्य हुन्। उनले प्रतिपादन गरेका कम्युनिस्ट नियम र अनुशासन पालना गर्ने नेतृत्व नपाएकै कारण क्रान्तिले मन्जिल चुम्न नसकेको विश्लेषण गर्न सकिन्छ। आज चीन विश्वकै सबभन्दा ठूलो अर्थतन्त्र बन्न सफल भएको छ। चीनले अमेरिकाको शिरबाट ठूलो अर्थतन्त्रको ताज खोसेको छ। सिल्ड रोडको अवधारणा ल्याएर चीनले विश्वले जोड्ने उद्देश्य सार्वजनिक गरेको छ। चीनमा अहिले माओ झनै लोकप्रिय बन्दै गएका छन्। नयाँ पुस्ताले माओको जीवनी पढ्न अभिरुचि देखाउनुले माओको लोकप्रियता प्रस्ट हुन्छ। चीनमा विकासको आधार माओले बसाए भने देङसियायोले चीनलाई खुला गर्दै विश्व बजारमा प्रतिस्पर्धी बनाएर समृद्धिको बाटोमा डोर्‍याउने काम गरे। अहिले सिजिन पिङले चीनलाई महाशक्ति बनाउन नेतृत्व गरिरहेका छन्।

*(एजेन्सीको सहयोगमा)*

**शीतलहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ, त्यसैले :**

१. न्यानो कपडाको चोहो समयमै गरौं।
२. शीतलहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं। घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
३. रातको समयमा सिरक, कम्बल जस्ता न्यानो कपडा ओढ्ने गरौं। घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्य रूपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं।
४. शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं।
५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खानेकुराहरू खाने बानीको विकास गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

प्रेरक

## खुसीको रहस्य

एकपटक एक धनाढ्यले आफ्नो छोरालाई सुख कसरी पाउन सकिन्छ ?' भन्ने सवालको जवाफ मागेर ल्याउन एक विशद् विद्वान्कहाँ पठायो । ऊ लगातार ४० दिनसम्म हिँडेर बल्लबल्ल विद्वान्को घरसम्म पुग्यो । विद्वान्को घर डाँडाको शिरमा थियो । ऊ बल्लतल्ल त्यहाँसम्म पुग्यो । विद्वान्को घर परिसरमा थुप्रै मानिसहरूको जमघट थियो । टेबुलमा थुप्रै फलफूलहरू सजाएर राखिएका थिए । उसले मानिसको भिडकाबीच विद्वान्लाई खोज्यो । विद्वान् अन्य मानिससँगको कुराकानीमा व्यस्त देखिन्थे । उसले ढोकामै कुरेर बसिरह्यो ।

धेरै बेरपछि उनको नजर सो केटामाथि पऱ्यो । विद्वान् नजिक आएर उसको परिचय र आउनुको उद्देश्य सोधे । उसले आफ्नो परिचय दिँदै सोध्यो, 'सुख कसरी पाउन सकिन्छ ?' विद्वान्ले केटालाई भने, 'त्यसो भए मलाई एक घण्टापछि भेट, म काम सकेर आउँछु । तर त्यतिन्जेल तिमी मेरो सम्पूर्ण घर घुम्दै गर । मेरो घरको भव्यता हेर अनि बल्ल म विद्वान् हो, हैन भन्ने प्रमाणित हुन्छ । अरूले भन्दैमा सबै सत्य कहाँ हुन्छ र ।' उनले चम्चामा तेल हालेर दिँदै भने, 'तिमी घुम्दा यसलाई पनि साथै लिएर घुम्नु तर याद राख्नु यसबाट एक थोपा पनि तेल चुहुनुहुँदैन ।' केटो घुम्न निस्कियो र एक घण्टापछि साबिककै स्थानमा आयो । विद्वान्ले चम्चा हेरे तेल जस्ताको तस्तै थियो । उनले केटालाई हेर्दै भने, 'स्याबास तर के तिमीले पूरै घर घुम्यौ त ?'

केटाले जवाफ दियो- घुमें । त्यसो भए त्यो मेरो माथिको कोठामा झुन्ड्याएको मेरो मखमलको कमिज देख्यौ ? त्यो मलाई अति मनपर्छ । अनि मेरो कोठामा राखिएको त्यो ठूलो प्राचीन पेन्टिङ, कोठाको सजावट, घरबाहिरको भव्य बगैंचा, बगैंचाका हरिया रूखहरू, रंगिचंगी फूलहरू, उडिरहेका पुतलीहरू, परका पहाडहरू के तिमीले सबै देख्यौ ?'

केटोले मुन्टो हल्लाउँदै भन्यो, 'मैले पूरै ध्यान चम्चामा लगाएको थिएँ यसर्थ ती सबै हेर्ने अवसर नै पाइनँ ।' विद्वानले भने, 'पुनः यो चम्चा लगेर ती पूरै चीज हेरेर आऊ ।' ऊ पूरै हेरेर साबिकै स्थानमा आयो र विद्वान्ले प्रश्न सोध्नु अगावै उसले देखेका सबै चिजको उत्कृष्ट वर्णन गऱ्यो । अन्त्यमा विद्वान्ले सोधे, 'अनि चम्चाको तेल नि ?'

उसले चम्चातर्फ हेऱ्यो, त्यो पूरै रित्तो थियो । विद्वान्ले भने, 'खुसीको रहस्य यही हो, तिमीले संसारको सबैथोक हेर तर आफूसँग भएको चम्चाको तेल कहिल्यै नखसाल !'

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

समयमा होसियार बन्न नसक्दा खर्च बढ्ने देखिन्छ । आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नु पर्ला । समय दिन नसक्दा काम बिग्रन सक्छ । लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन् । शुभचिन्तकहरू समेत टाढा हुनेछन्।

### वृष

आम्दानी भए पनि आकस्मिक खर्चले धन संग्रहमा बाधा पुग्नेछ। आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन्। चिताएका काम गर्ने क्रममा बाधा आउन सक्छ। तापनि दोहोर्याएर प्रयत्न गर्दा आंशिक फाइदा हुनेछ। विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। तर समयमा सजग नहुँदा आफ्नो लाभांशबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्।

### मिथुन

प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ। कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। नोकरी तथा व्यवसायमा विशेष फाइदा होला। रुचिका विषयमा लगानी बढाउने मौका प्राप्त हुनेछ। स्वास्थ्यमा सामान्य गडबड आउन सक्छ ।

### कर्कट

मिहिनेत गर्दा राम्रै फाइदा हुनेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ। अरूको काममा जुट्नुपरे पनि फाइदा आफैंलाई हुनेछ। स्वास्थ्यका लागि खानपानमा ध्यान पुर्याउनुहोला। शुभचिन्तकहरूले साथ दिनाले पहिलेको चुनौती समाप्त होला। काम देखाएर फाइदा उठाउन सकिनेछ । दाम र प्रतिष्ठा कमाउने बेला छ। प्रयत्न गर्दा पदीय जिम्मेवारी प्राप्त हुन सक्छ । समग्रमा तपाईंको यो साता राम्रै छ ।

### सिंह

प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। आम्दानी रोकिनाले योजना स्थगन हुन सक्छ। लेनदेनको विवादले अप्ठ्यारो पर्न सक्छ। काम बिग्रने भयले सताउनेछ परिस्थितिले चुनौतीहरूसँग सम्झौता गराउन सक्छ । ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ। सानो कमजोरीले सुनिश्चित प्रतिफलसमेत हातपार्न नसकिएला । स्वास्थ्यमा आलस्यता बढ्नेछ ।

### कन्या

घुमफिर तथा मनोरञ्जनको समय छ । व्यापार बढ्नुका साथै व्यवसायमा आम्दानी बढ्नेछ। भौतिक साधन जुट्नाले पनि मनग्य लाभ उठाउन सकिनेछ । प्रियभेट हुनुका साथै प्रेमको बन्धन कसिने समय छ। मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ। व्यवसायको सन्दर्भमा यात्रा गर्नुपर्ला। आफन्तसँग सुमधुर सम्बन्धका लागि व्यवहारमा ध्यान पुऱ्याउनु होला । पतिपत्नीबीच सामान्य खटपट हुन सक्छ । धैर्यताले काम लिनु होला ।

### तुला

स्रोतसाधन जुट्नाले मेहनतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। प्रतिस्पर्धामा विजयी भइनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। व्यापारलगायत आर्थिक लाभ हुने नयाँ काम प्रारम्भ हुनेछ। रोकिएका काम बन्नाले काममा उत्साह जाग्नेछ। मिहिनेतले प्रतिस्पर्धाको दौडसमेत जिताउन सक्छ।

### वृश्चिक

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। लगनशीलताले परिस्थितिलाई बदल्नेछ। पछि लाभ हुने काम प्रारम्भ हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ। अध्ययनमा राम्रो उपलब्धि हुनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। थोरै भए पनि दिगो लाभ हुने काम प्रारम्भ हुनेछ। यात्रा गर्ने अवसर जुट्न सक्छ।

### धनु

हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग र सचेत रहनु होला । तत्कालको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ । काम बिग्रने डरले सताउनेछ। अरूको फाइदाका लागि उपयोग भइएला । महत्वाकांक्षी योजना गोप्य राख्नुहोला। साथीभाइ टाढिनाले रोकिएको काम बनाउन पनि समस्या पर्ला। साझेदारीमा समस्या आउनाले पहिलेको सम्झौता भंग हुन सक्छ । कुरा काट्नेहरु नहोलान् भन्न सकिन्न ।

### मकर

हिम्मतले काम बन्नेछ। लगनशीलताले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। छोटो समयमा उपलब्धि हातलागी हुनेछ। स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। मिहिनेतले दैनिकीमा परिवर्तन आउनेछ। रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ। उद्योग र व्यापारमा फाइदा हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ । सोचे जति सफलता प्राप्त नहुन सक्छ ।

### कुम्भ

मान-सम्मान पाइने समय छ। बोलीको भरमा चिताएको काम बन्नेछ। विचारले धेरैलाई आकर्षण गर्ने समय छ। प्रशंसकहरू बढ्नेछन् । सहयोगीहरूले काममा साथ दिनेछन्। राम्रै फाइदाको योग छ। विगतको श्रमबाट प्रशस्त धन लाभ हुनेछ। रोकिएका काम सम्पादन हुनेछन्। पठन-पाठनमा प्रगति हुनेछ। विशेष समारोहमा सहभागी बन्ने मौका मिल्न सक्छ ।

### मीन

प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ । नयाँ तथा रचनात्मक काम प्रारम्भ गर्ने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटको अवसर मिल्नेछ । विगतका कमीकमजोरीलाई पनि सुधार गर्ने मौका छ।

# समाचार संक्षेप

## दाङको तुलसीपुरमा सहकारी बैंकको शाखा

बागलुङ । राष्ट्रिय सहकारी बैंक लिमिटेडको ५३ औं शाखा दाङको तुलसीपुरमा सञ्चालनमा आएको छ। शाखाको तुलसीपुर उपमहानगरपालिकाका प्रमुख घनश्याम पाण्डेले सोमबार उद्घाटन गर्नु भयो। शाखा उद्घाटन कार्यक्रममा बोल्दै पाण्डेलले सहकारी बैंकसंग समन्वय गरी काम गर्न उपमहानगरपालिका तयार रहेको बताउनुभयो। उहाले बैंकसंगको सहकार्यमा पालिकामा सहकारी प्रशिक्षण केन्द्र स्थापना गर्न, बैंकको शेयर खरिद गर्न, सहकारीलाई उत्पादनसंग जोडेर गरिबी निवारणमा योगदान गर्न सहकार्यका लागि आव्हान गर्नु भएको छ। सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहकारी बैंकले आफ्ना सदस्यहरूलाई सहज र प्रविधियुक्त सेवाका लागि सहयोग गर्दै आएको भन्दै वित्तीय सेवासंगै सहकारीहरूको संस्थागत विकासका लागि बैंक सदैव सहयोगीका रुपमा रहेको बताउनुभयो। उद्घाटन कार्यक्रममा बैंकको अवस्था र आगामी योजनाका बारेमा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गरागाईले जानकारी गराउनु भएको थियो। कार्यक्रम बैंकका सञ्चालक विजया धितालको अध्यक्षता, बैंकका तालिम विभाग अधिकृत नारायण वेलवासेको स्वागत र भुरीगाउँ शाखाका प्रमुख किरण खत्रीको सञ्चालनमा सम्पन्न भएको थियो। शाखा उद्घाटनकै दिन ८ करोड भन्दा बढी निक्षेप संकलन भएको शाखा प्रमुख खत्रीले जानकारी दिनुभयो।

## सवारी दुर्घटनामा परी ३ जनाको मृत्यु

काठमाडौं। सिराहा सिरहा नगरपालिका(२ डोमाखातास्थित सडकमा ना.१ज ३९३ नम्बरको म्याजिकले बीआर ३२ जेड ३३७० नम्बरको मोटरसाइकललाई मंगलबार दिउँसो ठक्कर दिँदा मोटरसाइकल चालक सोही नगरपालिका(१६ माडर बस्ने ४० वर्षीय राजु यादवको मृत्यु भएको छ। दुर्घटना गम्भीर घाइते भएका उनको जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। म्याजिक सहित चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

ललितपुर महानगरपालिका(३ धोविघाटस्थित सडकमा प्रदेश ३(०२(२० प २३६१ नम्बरको मोटरसाइकलको ठक्करबाट मंगलबार राति पैदलयात्री काभ्रे घर भई हाल सोही महानगरपालिका(३ धोबीघाट बस्ने २७ वर्षीय गोपिकृष्ण खनालको मृत्यु भएको छ। दुर्घटना गम्भीर घाइते उनको स्टार अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार अन्य २ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ।

बर्दिया राजापुर नगरपालिका(४ शान्तिपुरगाँउमा भे.९ प ३५९४ नम्बरको मोटरसाइकल अनियन्त्रित भई मंगलबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकल चालक सोही नगरपालिका(६ जोगीपुर बस्ने २६ वर्षीय दिपेन थारुको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको प्राथमिक स्वास्थ्य केन्द्र राजापुरमा उपचारको क्रममा मृत्यु भएको हो।

## मृत अवस्थामा फेला

काठमाडौं। सुनसरी, बर्जु गाउँपालिका(३ फारम चोक नजिक हाल नाम, थर, वतन, नखुलेका करिब ५५ वर्षीय पुरुष मंगलबार दिउँसो मृत अवस्थामा फेला परेका छन्। बाँके, कोहलपुर नगरपालिका(६ बुद्धचोक डेरा गरी बस्ने कैलाली जानकी गाउँपालिका(४ घर भएका ४१ वर्षीय अर्जुन न्यौपाने आफ्नै डेरा कोठामा सुतिरहेको अवस्थामा मंगलबार दिउँसो मृत अवस्थामा फेला परेका छन्।

यसैगरी बाँके, नरैनापुर गाउँपालिका(१ लक्ष्मणपुरस्थित जंगलमा भारत श्रवस्ती बस्ने २५ वर्षीया राविया पठानिनको शव मंगलबार दिउँसो फेला परेको छ।

## सवारी दुर्घटनामा परीमृत्यु

काठमाडौं। सुनसरी र रुपन्देहीका छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा परी २ जनाको मृत्यु भएको छ। सुनसरी कोशी गाउँपालिका(८ भण्टाबारीस्थित सडकमा हाल नम्बर नखुलेको पिककप गाडीको ठक्करबाट हाल नाम, थर, वतन नखुलेकी करिब ६० वर्षीयामहिलाको सोमबार राति मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाईते भएकी उनको जिल्ला अस्पताल ईनरुवामा उपचारको क्रममा मृत्यु भएको हो। ठक्कर दिने पिकअप गाडीको प्रहरीले खोजी गरिरहेको छ। रुपन्देही बुटवल उपमहानगरपालिका(११ मझुवास्थित सडकमा लु.१च ७००२नम्बरको भ्यानको ठक्करबाट सोही ठाउँ बस्ने राजेन्द्र थापाकी४ वर्षीया छोरी स्मृति थापाको मंगलबार बिहान मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएकी उनको उपचारको लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवल लैजाने क्रममा बाटोमै मृत्यु भएकोहो। भ्यान र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। मोरङ सुन्दरहरैचा नगरपालिका-९ चित्रे टोल बस्ने ४८ वर्षीय केदार दाहाल घरबाट करिब ३ सय मिटर टाढा खेतमा मंगलबार मृत अवस्थामा फेला परेका छन्। सिन्धुली कमलामाई नगरपालिका-५मधुटार डेरा गरी बस्ने भक्तपुर सूर्यबिनायकघर भएका २६ वर्षीय बिमल राचल आफ्नै डेरा कोठामा मंगलबार मृत अवस्थामा फेला परेका छन्। कास्की पोखरा महानगरपालिका-१९ ढाँवा जाने बाटो माथी खोल्सामा हाल नाम, थर, वतन नखुलेकी करिब ६५ वर्षीया महिला मंगलबार मृत अवस्थामा फेला परेकी छिन्।

## सवारी दुर्घटनामा परी ३ जनाको मृत्यु

काठमाडौ। सप्तरी, मोरङ र सल्यानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी ३ जनाको मृत्यु भएको छ। सप्तरी कञ्चनरुप नगरपालिका-११ डेङग्रीस्थित सडकमा सोमबार साँझ ना.६ ख ४८४२ नम्बरको बसको ठक्करबाट साईकलयात्री सोही ठाउँ बस्ने ३५ वर्षीय मनोज चौधरीको मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनको धर्मेश्वर अस्पताल ठेलिया हुँदै थप उपचारको लागि गजेन्द्रनरायण सिंह अस्पताल राजबिराज लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। फरार बस चालकको प्रहरीले खोजी गरिरहेको छ।

मोरङ बेलबारी नगरपालिका-४ हल्लुडे चोकस्थित सडकमा प्रदेश ३(०१( ०२२ च.२२४२ नम्बरको पिकअप भ्यानले को.३५ प ५९७५ नम्बरको स्कुटरलाई सोमबार दिउँसो ठक्कर दिँदा स्कुटर चालक बेलबारी नगरपालिका-११ बस्ने भोजपुर घर भएका ४३ वर्षीय अर्जुन खत्रीको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको धरान घोपा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार बेलबारी नगरपालिका(९ बस्ने ६५ वर्षीय दुर्गा भण्डारीको सोही अस्पतालमा उपचार भइरहेको छ। दुवै सवारी साधन र भ्यान चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

सल्यान कालिमाटी गाउँपालिका-३ रोक्चास्थित सडकमा रा.१ त २८५८ नम्बरको ट्याक्टर अनियन्त्रित भई सडकबाट करिब ३ सय मिटर तल खसेर सोमबार राति दुर्घटना हुँदा ट्याक्टर चालक सोही गाउँपालिका(३ सिमलचोक बस्ने २८ वर्षीय जयबहादुर बुढाथोकीको घटनास्थलमै मृत्यु भएको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। दाङ, घोराही उपमहानगरपालिका-१२ थाकलेमा सोही ठाउँ बस्ने ६५ वर्षीय राम बहादुर सार्की सोमबार मृत अवस्थामा फेला परेका छन्। कञ्चनपुर, बेलौरी नगरपालिका-१० पहाडीपुर बस्ने ५४ वर्षीय पुर्ण बहादुर चौधरी घरबाट ३ किलोमिटर टाढा खेतमा सोमबार मृत अवस्थामा फेला परेका छन्।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Anarchy = अराजकता The never ending political instability has pushed the country into a state of anarchy सधैं रहिरहने राजनैतिक अस्थिरताले देशलाई अराजकताको स्थिति तिर धकेलिदिएको छ।

Browse = सरसरती हेर्नु वा खोज्नु He spends most of his time browsing the internet (उ आफ्नो धेरैजसो समय इन्टरनेटमा काम लाग्दा सूचना खोज्नमै लगाउछ)

Condone = थाहापाएर पनि विरोध नगर्नु Ruling party condoned the violence done by police as if nothing had happened (सत्तारुढ दलले प्रहरीले गरेको हिंसालाई केही होइन भनेर नथाहपाएको झैं गरी वस्यो)

Discredit = सच्चरित्रमा दाग लाग्नु The government of India led by Bajpeyi was discredited by the tehlke.com (तहल्का डट कम मार्फत गरिएको इन्टरनेट प्रशारणले वाजपेयी सरकारको सच्चरित्रमा दाग लाग्न पुग्यो)

Exacerbate = झनै नराम्रो अवस्थामा पुर्याउनु The election of Saron to the post of Isreali Prime-minister had exacerbated the relation between Isreali and Palestine (सेरोनको इज्रायलको प्रधानमंत्री पदमा भएको निर्वाचनले इज्रायली र पेलेस्टिन वीचको संवन्धलाई झनै नराम्रो अवस्थामा पुर्याएको थियो)

Furor = होहल्ला। उत्तेजना The incidence of fund embezzlement created a furor among the employees (कोषको दूरुपयोग गरेको घटनाले कर्मचारी वीच ठूलो होहल्ला सृजना गरिदियो)

Grotesque = हासो उठ्दो र तर्साउने खालको During Gaijatra people go out by wearing grotesque costumes (गाइजात्राको अवशरमा मानिसहरू हंसाउने र तर्साउने खमालका लुगा लगाइ बाहिर निस्कन्छन)

Hovel = भत्केको भग्नावशेष Because of the disaster created by earthquake, people are compelled to live in hovel(भूकम्पले गरेको क्षतिको कारण मानिसहरू भग्नावशेष जस्तो ठाउमा वस्न वाध्य छन्)

Inconsequential = महत्वहीन To go broken some glasses or plates during the the feast is inconsequential (भोज भतेरमा केही ग्लास वा प्लेट फुट्नुलाई महत्वपूर्ण मानिदैन)

## Turn बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Turn on = यौन उत्तेजक She thinks hairy chests are a turn on (रौं भरिएको छाती यौन उत्तेजक हुन्छ भन्ने कुरा मान्छिन तिनी)

Turn out = उपस्थिति In yesterday's meeting there was a good turn out (हिजोको बैठकमा राम्रै उपस्थिति थियो)

Turn out = खाली गर्नु This room was full of rubbish, only yesterday I had a good turn out यो कोठा फोहरले भरिएको थियो हिजोमात्रै मैले खाली गरे।

Turn out = पहिरन The headmaster praised Robert for his neat turn out सफा पहिरनको लागि हेडमाष्टरले रोर्वटको प्रंशसा गरे।

Turn over = ब्यवशायको परिमाण This firm has an annual turn over of 200 million यो संस्थाको वार्षिक ब्यवशायको परिमाण २० करोड छ।

Turn over = विक्रि This shop has a very good daily turn over यो पशलको द्रनिक विक्रि ज्यादै राम्रो छ।

Turn over = अदली वदली This bank has a very rapid turn over of its staff (यो बैंकमा कर्मचारीको अदली बदली तिब्ररुपमा हुन्छ)

Turn round = खाली गरी फेरी भर्न The aircraft has just landed it takes about 45 minutes for a turn around विमान भर्खर उत्रिएको छ यात्रु ओराली खाली गरी फेरी भर्न ४५ मिनेट लाग्छ।

Turn up = मोता Once upon a time bell bottom was a fashionable turn up एकताका मोता फुकेको बेलवटम पाइन्ट खुव आर्कषक मानिन्थ्यो।

### सुडोकु-अंक २०६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ३ | ४ | | | | | १ | |
| ८ | | | ३ | | | | | ६ |
| | | | | २ | | | | ५ |
| | | | ५ | | २ | | ३ | |
| | | ६ | | ८ | | २ | | |
| | २ | | ४ | | ३ | | | |
| २ | | | | ३ | | | | |
| ९ | | | | | ५ | | | ४ |
| | १ | | | | | ९ | ६ | |

### अंक २०५ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ४ | १ | ७ | ३ | ५ | ८ | ९ | २ |
| ९ | २ | ७ | ४ | ६ | ८ | ३ | ५ | १ |
| ३ | ५ | ८ | ९ | २ | १ | ७ | ४ | ६ |
| १ | ६ | ४ | ३ | ८ | ९ | ५ | २ | ७ |
| ८ | ३ | २ | ६ | ५ | ७ | ४ | १ | ९ |
| ७ | ९ | ५ | २ | १ | ४ | ६ | ३ | ८ |
| २ | ७ | ६ | १ | ४ | ३ | ९ | ८ | ५ |
| ४ | ८ | ९ | ५ | ७ | २ | १ | ६ | ३ |
| ५ | १ | ३ | ८ | ९ | ६ | २ | ७ | ४ |

# Indispensable Prerequisite for Peace and Stability on Korean Peninsula

*Seventy years have passed since a war broke out on this land.*

The Korean war forced by the United States left painful scars and inflicted tremendous human and material losses upon the Korean people. The suffering of national division whereby kinsfolk of the same blood are compelled to live apart continues still today.

As the Korean nation still suffers from the heartrending wounds of the war, it is stronger than any other nation in its cherished desire to live on a peaceful land without a war, and it has long made persevering efforts to realize the desire, but in vain. Its underlying cause is the sinister design, that is, the US policy hostile towards the DPRK.

The Institute for Disarmament and Peace of the Ministry of Foreign Affairs of the DPRK released on June 25 this paper with a view to laying bare before the whole world the truth behind the Korean war ignited by the US in the 1950s of the last century and to revealing the aggressive and predatory nature of its policy hostile towards the DPRK, which imposes immeasurable misfortunes and pains on the entire Korean nation.

**The Korean war was an inevitable product of the US policy hostile towards the DPRK**

The Korean war was a criminal war of aggression which was systematically prepared and provoked by the US according to its elaborate plans to stifle the DPRK by force of arms and hold in its hands Asia and the rest of the world.

Even today the US tries to fabricate all sorts of tricky information designed to cover up its aggressive crimes of having provoked the Korean war, but the truth of history can neither be covered up nor obliterated.

Since more than one century ago, the US adopted it as its state policy to invade and dominate Korea, a gateway to the Asian continent, and desperately pursued the policy hostile towards Korea for its implementation.

The US ruling circles presented the "proposal on opening Korea" to the Congress in February 1845 and perpetrated a series of incidents such as intrusions of *General Sherman* in 1866 and *Shenandoah* and *China* respectively in 1868, and large-scale armed invasion in 1871.

After signing the "Katsura-Taft Agreement" in 1905, the US backed the occupation and colonial rule by Japan over Korea while systematically attempting to turn Korea into its eventual colony. By the end of the World War II, it perfected its plan to occupy Korea.

In the letter sent in March 1951 to Joseph Martin, Senator of the US Congress, MacArthur, the then Commander of the US Forces in the Far East, wrote:

"If we lose this war to Communism in Asia, the fall of Europe is inevitable. By conquering all of Korea we can cut into pieces the one and only supply line connecting Soviet Siberia and South …, and control the whole area between Vladivostok and Singapore. Nothing would then be beyond the reach of our power." (Herschel Meyer, "Modern History of America", p.148)

In a word, the US regarded Korea as a "dagger" to cut off a "lump of meat" which meant Asia.

The Korean war was badly needed for the American munitions monopolies which had been too fattened by piles of money they had amassed during World War II.

The economic crisis which started in the US from the end of 1948 grew more acute by 1949.

The industrial production plummeted by 15 percent compared to the previous year, the prices nose-dived, and the investment in machinery and equipment reduced sharply, which resulted in the bankruptcy of over 4 600 companies and the increase of the unemployed to 6 million during the first half of 1949 alone. The revenue of the monopolies shrunk from US$ 36.6 billion to 28.4 billion between September 1948 and March 1949.

Soon after the outbreak of the Korean war, American publications headlined that "the business called Korea revived the economy" and "the outbreak of the Korean war exorcised the evil of recession that had been agonizing the American commerce since the end of World War II." This fact speaks itself that a "special recipe", i.e. a war, was needed for the US at that time in order to survive economic crisis.

This is how the US chose, pursuant to its strategy for world hegemony, Korea as a "unique point of tangency between the American military system and the Asian mainland", an "ideological battleground", a "test ground" of showdown for realizing world domination, and also as the only way to get out of the economic crisis after World War II.

The true aggressive colours of the US that took the lead in preparing for the Korean war are also clearly revealed by its making of the war scenario.

The plan of the US to occupy Far East was divided into three phases: The first phase begins with the Korean war (A) and in the second phase the war is expanded into China (B) and in the final phase, Siberia is occupied (C). The start of operation was slated for 1949.

A Japanese magazine dated September 1964 disclosed the story behind the scene by citing a former colonel of the imperial Japanese army, who had been involved in this conspiracy for the war, as follows:

"The operation was divided into three phases. First, 10 divisions comprising the US Army and south Korean Army are deployed along the 38th Parallel, and two operation zones, i.e. the east zone and the west zone are formed. The west front directly advances to Pyongyang and a landing operation at northern Pyongyang with the cooperation of the Navy and Air Forces is conducted in parallel with it. The east front chooses Yangdok as its left flank and ensures the connection between Pyongyang and Wonsan and its right flank will march directly towards Wonsan. Here again, a landing operation at northern Wonsan is conducted by a naval unit. These two fronts advance together up to River Amnok and break through the Sino-Korean border. This was the first phase of the operation and a detailed plan based on data provided by the former Japanese Army was worked out. Next, the operation enters the second phase the moment the Sino-Korean border is broken through, followed by participation of the Japanese army and the UN forces. This was the sequence."

With a thoroughgoing plan and concrete preparations, the US finally ignited the Korean war by inciting the south Korean puppet army at 4 a.m., June 25, 1950.

On the eve of the war, Robert, the then head of the US military advisory group in south Korea gabbled as follows: "We have chosen the 25th and this explains our prudence. It is Sunday. It's the Sabbath for both the United States and south Korea, Christian states. No one will believe we have started a war on Sunday. In short, it is to make people believe that we are not the first to open a war."

After the provocation of the Korean war, the US manoeuvred cunningly to cover up its true colours as aggressors.

On June 25, it asked for convening the United Nations Security Council meeting, and forged the UNSC "resolution" No. 82 which designated the DPRK as an "aggressor" and on July 7, it forged another UNSC "resolution" No. 84 which "recommended" to make the allied forces available to "a unified command under the US" and "asked" the US to designate its commander and "authorized" the usage of UN flag.

The DPRK was thus termed a "provoker" of the war and the Fatherland Liberation War of the Korean people, an "aggression", and the "UN forces" made an appearance as a belligerent party to the war.

The successive UN Secretary-Generals officially admitted that the "UN Command" is not a UN-controlled organ but purely a war tool of the US.

In June 1994, Boutros Boutros-Ghali, the then UN Secretary-General, admitted that "the UNSC did not establish the 'Unified Command' as a subsidiary organ under its control and it became to be placed under the authority of the US." (June 24, 1994 Letter from the UN Secretary-General to the Minister of Foreign Affairs of the DPRK)

In December 1998, Kofi A. Annan, the then UN Secretary-General, said that "none of my predecessors have granted any authorization to any State to make the use of the name of the UN" when he referred to the forces and command dispatched by the US into the Korean War. (December 21, 1998, Letter from the UN Secretary-General to the President of the Presidium of the Supreme People's Assembly of the DPRK)

On July 27, 2004 and March 6, 2006, the UN spokesperson confirmed that the "'UN Command', despite its name, is not the army of UN, but a US-led force."

It is not the UN but the US which has the power to appoint the "UN commander." It is not the UN but the US administration which has absolute power to decide on either reduction or increase of the US army in south Korea that are wearing the helmets of the "UN forces."

Despite all these facts, the UN flag is still brazenly hanging in Panmunjom, which is the shame on the part of the United Nations.

This fiercest war ended in the miraculous victory of the heroic Korean people who were led by President Kim Il Sung. Yet the human and material losses the Korean nation had suffered were indeed tremendous.

The nefarious atrocities of massacre committed by the US imperialists in particular cannot be detailed on this short paper.

The US imperialists, who had wormed into Sinchon County in October 1950, committed all kinds of atrocities of massacre against 35 380-strong innocent residents, equivalent to 25% of the county's population, in over 50 days. They burnt the innocent residents to death, drowned them in reservoir, shot to death, burnt them on the firewood, ripped apart the limbs of living persons and cut off the abdomens of pregnant women. These facts lay bare before the world that the US imperialists are no less than wild beasts and bloodthirsty wolves in human shape.

According to an official statistics alone, the US imperialists, during the Korean war, killed more than 1.23 million people in the northern half of Korea and more than 1.24 million people in south Korea, and attempted to eliminate the Korean nation by mobilizing even the chemical and germ weapons.

In 1951, an investigation team of the Women's International Democratic Federation, which investigated the atrocities of the US imperialists on the site, wrote in its report: "The massacres and tortures committed by the US troops in the areas of their temporary occupation are more atrocious than those committed by Hitler Nazis in Europe."

Openly clamouring that they would "wipe out 78 cities and towns of north Korea from the map" and "leave nothing intact", the US, throughout the Korean war, dropped almost 600 000 tons of bombs and napalm on the northern half of Korea, which are 3.7 times as many as bombs dropped on the Japanese mainland during the Pacific War.

Severely destroyed owing to the atrocities of the US imperialists during the war were 50 941 factories and enterprises, 28 632 buildings of schools at all levels, 4 534 buildings of medical facilities including hospitals and clinics, 579 buildings of scientific research institutions, 8 163 buildings of press and culture organs, 2 077 226 dwelling houses. Also 563 755 hectares of farming land got damaged, and the total reduced area of paddy and non-paddy fields amounted to 155 500 hectares.

When the war was over, there was nothing left but ashes, and the US bragged that Korea would not be able to rise to its feet again in a hundred years.

All these facts eloquently show that the US imperialists are the very provokers of the Korean war and the sworn enemy of the Korean people, and prove that peace will never settle on the Korean Peninsula as long as the US policy hostile towards the DPRK persists.

**Criminal Acts of US--Systematic Abolition of Armistice Agreement**

The US policy hostile towards the DPRK after the Korean war can be characterized in a word as a pursuit of permanent division of the Korean Peninsula and ceaseless nuclear threats and blackmail against the DPRK.

The Korean war, which Truman, a war chieftain, described as no less than World War III, came to a pause with the conclusion of the Armistice Agreement. But it meant neither the end of war nor the conclusion of a peace agreement.

The Armistice Agreement, at the time of its conclusion, constituted no more than a transitional step aimed at withdrawing all foreign troops from the Korean Peninsula and establishing lasting peace on it.

No sooner had the Armistice Agreement been signed than the US drove the situation of the Korean Peninsula to the brink of war in flagrant violation of the Armistice Agreement, driven by its wild ambition to make the Korean people its slaves by all means and seize the whole of the Korean Peninsula.

Around 22:20 p.m. on July 27, 1953, less than half an hour after the Armistice Agreement became effective, the US army fired several machine-gun shots towards our side's area and then, fired shells into our side's area successively for several hours at intervals of tens of minutes.

In disregard of Paragraph 10, Article I of the Armistice Agreement which stipulates that only pistols and rifles shall be carried in the Demilitarized Zone (DMZ) including the Joint Security Area (JSA), the US army deployed automatic rifles and machine guns and even cannons, tanks, flame throwers, helicopters etc., and opened gunfire towards our side's posts and guardsmen indiscriminately almost every day.

From 1968, the US army mobilized fully-armed troops to repeat the military operations which it had once conducted in the areas along the 38th parallel including Mt Songak just before the provocation of the June 25 war.

The US army committed innumerable provocations in Panmunjom JSA, including Panmunjom Incident on August 18, 1976 and the incident of gunfire towards our security personnel on November 23, 1984.

The US nullified Paragraph 60, Article IV of the Armistice Agreement which envisages the withdrawal of all foreign forces from Korea and the peaceful settlement of the Korean question.

Paragraph 60 of the Armistice Agreement stipulated that within three months after the Armistice Agreement becomes effective a political conference of a higher level shall be held to negotiate the issues of the withdrawal of all foreign forces from the Korean Peninsula and the ways for peaceful settlement of the Korean question.

At the preparatory talks for a political conference that were convened at Panmunjom on October 26, 1953, the US laid artificial obstacles, only clinging to the obstructive manoeuvres, and on December 12 that year, it unilaterally withdrew from the meeting room. Thus, the talks did not proceed to the main conference, but was ruptured in the preparatory stage.

Afterwards, the Geneva Conference was convened for the peaceful settlement of the Korean question, but the US deliberately disrupted the conference.

On August 8, 1953, the US staged the ceremony of signing of the so-called a "Mutual Defence Treaty" with south Korea in order to legitimize the permanent stationing of US troops in south Korea.

On January 2, 1955, the then Chairman of the US Joint Chiefs of Staff made reckless remarks that the US army would station, for an indefinite period, in south Korea which is of great strategic significance in its world hegemony, and that it would continue to hinder the peaceful coordination of the Korean question.

After the UN resolution on dissolution of the "UN Command" for the durable peace on the Korean Peninsula was adopted at the 30th session of the UN General Assembly in November 1975, the US clung more openly to its scheme for the permanent occupation by cooking up the US-south Korea "Combined Forces Command."

In early March 2006, the US worked out a plan for expanding and reorganizing the nominal "UN Command" into a permanent organization of multinational forces by way of increasing the role of belligerent states of the Korean war and permitting them to take part not only in the formulation of emergency and operational plans but also in detailed activities, and buckled down to its implementation.

***Contt...***

तेस्रो धार

# मधेशको आर्थिक उन्नतिको आधार कृषि



**जासर यादव**

मधेश समृद्ध होस् भनेर करिब दुई दशक राजनीतिमा सक्रिय थिएँ । म आफ्नो डा.सीके राउतको स्वतन्त्र मधेश गठबन्धनमा लाग्नु पूर्व पनि अन्य राजनीतिक दलमा सक्रिय थिएँ। मधेशमा जब फोरम, तमलोपा लगायतका राजनीतिक दलहरू उदाए उनीहरूले पनि मधेशलाई समृद्ध बनाउने लगायतका नाराहरू नै दिएका थिए । तर वास्तवमा उनीहरूले मधेशको समृद्धिभन्दा पनि व्यक्तिगत स्वार्थ पूर्तिका लागि पसल खोलेको अनुभूति गरें । त्यसैले म राजनीतिमा नलागेर मधेशलाई कसरी समृद्ध बनाउन सकिन्छ भनेर एउटा योजना बनाएँ। मधेश कसरी समृद्ध हुन्छ भनेर त्यतातिर लागें। मधेशले अहिलेसम्म धोका मात्रै पाएको छ।

आज मधेशका उर्बर भूमि बन्जरमा परिणत भइरहेको छ, यसको मुख्य दोषी को त ? अहिले हामीले मधेशको नाममा राजनीति गर्ने र मत लिनेहरूलाई नै म दोष दिन्छु। अहिले उनीहरूले प्रदेशमा सरकार बनाएका छन्, स्थानीय तहमा प्रतिनिधित्व गरिरहेका छन्, खै त मधेशलाई समृद्ध बनाएको ?

मैले दैनिक रुपमा ४०-५० जनाको हराहारीमा काम दिएको छु । उहाँहरूलाई दैनिक खानामा, दाल, भात, दुई ओटा तरकारी अचारसहितको भोजनको व्यवस्था गरेको छु । यो निमुखा जनताहरू हाम्रै मधेशका दलितहरू हुन्। उहाँहरू मध्ये धेरै जना सुकुम्बासीहरू छन्। उहाँहरूलाई मैले जेष्ठ १५ गतेबाट रोजगारी दिएको छु। आज उहाँहरूको सुखदुःख को साथि मैले नै बनेको छु। वाचा गर्ने नेताहरू त एक चोटि उहाँहरूको घरमा यस्तो कोरोनाको बेलामा पनि अलि अलि राहत त दिए हुन्थ्यो नि । राजनीतिको नाममा जति पनि दलहरू छन् त्यो दल हो कि दलाल हो कुरो बुझ्न नि गाह्रो। आज म एक जना व्यक्तिले दुई सय जनालाई रोजगारी दिने सोचमा छु । म जस्तो १० प्रतिशत युवाले मधेशमा नै रोजगारीको सर्जना गरियो भने के मधेश समृद्ध हुदैन र ? कि राजनीति मात्रै एउटा विकल्प छन् ? राजनीति एउटा गरिखाने भाडो मात्रै हुन् । हामी जस्तो कति युवा विदेशमा छन् त्यो रहरले हैन, बाध्यताले हो । हामी युवाहरू अब आफ्नै माटोमा समृद्धिको फुल फुलाउनु पर्छ।

मैले तीन वर्षको लक्ष्य लिएको छु। अहिले म रौतहटमा कृषि कर्म गरिरहेको छु र महोत्तरीमा पनि सुरु गर्ने तयारीमा छु । रौतहटमा मैले दुई हजार लोकल हाँस, कुखुरा, माखा पालन, ५० वटा गाई, ५० वटा भैंसी, पाँच बिघामा मेवा, पाँच बिघामा अम्बा, पाँच बिघामा केरा, पाँच बिघामा सुन कागती लगायतको खेती छिट्टै नै सञ्चालन गर्न गइरहेको छु। मसँग अहिले ५० जनाको टिम छ। रौतहटमा सफल भइसकेपछि मैले आफ्नो टिमबाट मधेशका हरेक जिल्लामा पाँच-पाँच जना पठाएर मधेशभरि नै कृषि क्रान्ति ल्याउँछु। अहिले महोत्तरी र रौतहटमा तरकारी खेती, धान लगायत उब्जनी गरिरहेको छ, अब दोस्रो चरणमा फेरि पाँच वटा जिल्लामा सुरु गर्ने योजनामा छु। त्यसपछि तेस्रो चरणमा मधेशका सबै जिल्लामा यस्तै प्रकारका खाद्यान्न उब्जनीका लागि योजनाबद्धरुपले सञ्चालन गर्नेछु । किनभने त्यहाँबाट मेरो आम्दानीको स्रोत पनि बढ्छ र बैंकरहरूले पनि पत्याउने आधार हुन्छ। मधेशमा खेती गर्नका लागि सिंचाइको समस्या छैन । आफ्नो लगानीमा गरियो भने बोरिङ्ग, डीप बोरिङ्ग लगाएर गर्न सकिन्छ।

## खाद्यान्नमा...

आयात भएको भन्सार विभागको तथ्यांक छ। चामल भारतबाट आयात भएको छ। कात्तिक महिनासम्म १३ अर्ब रुपैयाँको आयात भएको थियो। एक महिनामा ५ अर्ब बढीको चामल आयात भएको छ। कुनै बेला नेपालले चामल निर्यात गर्थ्यो। दक्षिण कोरियालाई चामल सहयोग गरेको नेपाल अहिले त्यहाँ नेपाली कामदार पठाएर रेमिट्यान्स भित्र्याइरहेको छ। सरकारले खाद्यान्नमा मुलुक आत्मनिर्भर बन्नका लागि विभिन्न कार्यक्रम सञ्चालन गरे पनि स्थानीय उत्पादनले माग धान्न सकेको छैन।

## मेस्सीले...

र मार्टिन ब्रेथवेटले गरे। जितसँगै बार्सिलोना अंक तालिकाको पाँचौ स्थानमा उक्लिएको छ। शीर्ष स्थानको एथ्लेटिको मड्रिडले भने रियल सोसिडाडलाई २-० ले हराउदै तीन अंकको अग्रता बनाएको छ।

एथ्लेटिकोका लागि हेर्मोसो, लोरेन्टोले १-१ गोल गरे। शीर्ष स्थानको एथ्लेटिकोको १३ खेलबाट ३२ अंक भएको छ। राति भएका अरु खेलमा सेभिल्लाले भ्यालेन्सियालाई १-० ले पराजित गरेको छ। हुएस्का र लेभान्टे तथा भिल्लारियल र एथ्लेटिको बिल्बाओले १-१ एवम् इल्चे र ओसासुनाले २-२ गोलको बराबरी खेलेका छन्।

## मुठभेडतफ...

अविश्वासको प्रस्तावमा समेत ९२ जना सांसदको हस्ताक्षर रहेको छ। दुवै पक्ष आधिकारिकताका लागि निर्वाचन आयोग पुगेपछि आयोग दबाबमा परेको छ। लामो समयसम्म स्थानीय विकास मन्त्रालयको सचिव, पोखरामा क्षेत्रीय प्रशासकको रुपमा समेत जिम्मेवारी सम्हाली विभिन्न मन्त्रालयमा सचिवको रुपमा कार्य सम्पादन गरी अनुभव सम्हालेका दिनेश थपलिया ओलीकै कृपाले प्रमुख निर्वाचन आयुक्त भएका हुन्। ओली पक्षीय बैठकको माइन्युटमा महासचिव विष्णु पौडेल र अध्यक्ष केपी ओलीको हस्ताक्षर भएका कारण त्यसैलाई आधिकारिकताको आधार मानेर आयोगले निर्णय गर्न सक्ने कतिपय कानुनविदहरूको तर्क छ। यदि त्यसो भएमा प्रचण्ड नेपाल नेकपाले सडक तताउने निश्चित छ। सडक संघर्षले उचाइ लिँदै गएमा वैशाखमा हुने भनिएको आम निर्वाचन समेत प्रभावित हुन सक्छ।

एकातिर आधिकारिकताको कानुनी लडाइँमा दुवै नेकपा लागिरहेका छन् भने सबैको ध्यान सर्वोच्च अदालततिर केन्द्रित भइरहेको छ। प्रधानमन्त्रीले हठात संसद विघटनको सिफारिसलाई राष्ट्रपतिबाट अनुमोदन गराएपछि नै नेकपा विभाजोन्मुख भएको हो। प्रधानमन्त्री ओलीलाई अविश्वासको प्रस्तावबाट हटाउने प्रचण्ड नेपाल समूहले तयारी गरेपछि ओलीले नरहे बाँस नबजे बाँसुरी' झैँ संसद विघटनको बाध्यात्मक बाटो रोज्नु परेको हो। योजना यतिमा मात्र सीमित थिएन। राष्ट्रपति विद्या भण्डारीलाई पनि महाभियोग लगाएर पदमुक्त गर्ने तयारी थियो। संविधानले प्रधानमन्त्रीलाई सिधै संसद विघटन गर्ने सुविधा ०४७ को संविधानले दिएको छैन। ओली बहुमतका प्रधानमन्त्री हुन्। प्रधानमन्त्रीविरुद्ध दुई वर्षसम्म अविश्वास प्रस्ताव ल्याउन नपाउने संवैधानिक व्यवस्था जस्तै संसद विघटन पनि गर्न नसक्ने व्यवस्था छ। बहुमत प्राप्त दलको नेता प्रधानमन्त्री भएको अवस्थामा संसद विघटन गर्ने व्यवस्था नै छैन। झन्डै दुईतिहाई बहुमत प्राप्त दलका प्रधानमन्त्री केपी ओलीको सिफारिसमा राष्ट्रपति भण्डारीले संसद विघटन गरी ताजा जनादेशका लागि मिति तोकेकी छिन्। नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भई प्रधानमन्त्रीबाट सिफारिस भएबमोजिम पहिलो चरणमा आगामी २०७८ वैशाख र दोस्रो चरणमा वैशाख २७ मा निर्वाचनको मिति तोकिएको छ।

राष्ट्रपति भण्डारीले संविधानका दुईवटा धाराको प्रयोग गरी प्रतिनिधिसभाको विघटन गरेकी छिन्। उनले संविधानको धारा ७६ (१), धारा ७६ (७) र धारा ८५ गरी ताजा जनादेशका लागि सरकारको सिफारिस बमोजिम चुनावको मिति १७ र २७ गते तोकेकी छिन्। संविधानको धारा ७६ (१) मा प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने र निजका अध्यक्षतमा मन्त्रिपरिषद्को गठन हुने व्यवस्था छ। यस्तै धारा ७६ (७) को उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी ६ महिनाभित्र अर्को प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोकिने व्यवस्था छ। यसबाहेक राष्ट्रपतिको कार्यालयबाट जारी विज्ञप्तिमा संसदीय प्रणालीको मर्म एवं मूल्य र मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकको अभ्यास बमोजिम संघीय संसदको वर्तमान प्रतिनिधिसभा विघटन गरी अर्को निर्वाचनको मिति तोकिएको उल्लेख छ। राष्ट्रपति भण्डारीले प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधिसभा विघटन गरेपछि उनको चौतर्फी आलोचना भइरहेको छ। प्रधानमन्त्रीले संविधानले नदिएको अधिकार प्रयोग गर्ने अनि त्यसलाई कुनै कानुनी छलफल र परामर्शबिनै आँखा चिम्लेर सदर गर्ने राष्ट्रपतिको कार्यले राष्ट्रपति पदकै गरिमाको खिल्ली उडाएको टिप्पणी समेत गरिँदैछ। संविधानको रक्षक भएकी राष्ट्रपतिले अभिभावकीय भूमिका ननिभाएर ओली गुटको गोटी भएको आरोप समेत उनीमथि लागिरहेको छ। यसैबीच संवैधानिक परिषद्सम्बन्धी अध्यादेश ल्याएर संवैधानिक निकायका प्रमुख र सदस्यहरूको नियुक्ति गरिनुलाई पनि बद्नियतपूर्ण भनिँदैछ। यसको खारेजीका लागि पनि सर्वोच्चमा उजुरी परेको छ। स्थिति सहज नहुने र देश भिडन्ततिर बढ्ने देखिँदैछ। ओली संकटकालको चरणमा प्रवेश गर्ने सम्भावना प्रबल छ।

## मुलुक गम्भीर...

पुँजीगत खर्च नबढ्ने तर साधारण खर्च मुलुकले धान्न नसक्ने गरी बढ्नाले आर्थिक अवस्था जटिल बन्ने निश्चित छ। विकासको लहर ल्याउने आर्थिक समृद्धिको नजारा घन्काएर प्रधानमन्त्री भएका ओलीले निर्वाचनको बेमौसमी बाजा बजाएपछि यसले अर्थतन्त्रका नकारात्मक सूचक बढ्ने देखिन्छ। निर्वाचन भएमा सम्पूर्ण संयन्त्रको ध्यान चुनावमा लाग्नाले विकास अवरुद्ध बन्ने यस क्षेत्रका ज्ञाताहरू बताउँछन्। अर्थशास्त्रका प्राध्यापक चिरञ्जिवी शर्मा निर्वाचनले मुलुकको अर्थतन्त्र ओरालो दिशातर्फ झर्ने ठोकुवा गर्छन्। निर्वाचनमा लाग्ने २० अर्बभन्दा बढी रकम सरकारले विकास आयोजनाबाटै कटौती गर्ने भएकाले विकास पर धकेलिन्छ।

## कसरी हुन्छ ?...

संवैधानिक इजलासमा प्रधानन्यायाधीशसहित पाँचजना न्यायाधीशले सुनुवाई गर्नेछन्। संवैधानिक इजलासका लागि सर्वोच्चले तयार गरेको रोस्टरमा भएका १० जनामध्ये चार जना न्यायाधीश प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाले छान्न सक्नेछन्। अहिले संवैधानिक इजलासका लागि रोस्टरमा न्यायाधीशहरू दिपक कार्की, मीरा खड्का, हरिकृष्ण कार्की, विश्वम्भर श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा, प्रकाशसिंह राउत, सपना प्रधान मल्ल छन्।

प्रधानन्यायाधीशले संवैधानिक इजलासमा आफू अनुकूल न्यायाधीश छान्न सक्नेछन्। संवैधानिक इजलासमा प्रधानन्यायाधीश अनिवार्य भएकाले उनले अरु चार न्यायाधीश राखेर संवैधानिक इजलास गठन गर्नेछन्। संवैधानिक इजलास बुधबार र शुक्रबार मात्रै बस्ने गरेको छ। सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालनसम्बन्धी) नियमावलीको दफा ४ अनुसार फैसलामा एकमत हुन नसकेमा बहुमत न्यायाधीशको रायलाई इजलासको निर्णय मानिनेछ। संवैधानिक इजलासको आदेशउपर पुनरावेदन गरिपाउँ वा दोहोर्‍याइ पाउँ भन्ने निवेदन समेत नलाग्ने नियमावलीमा उल्लेख छ।

विगतमा पनि संसद विघटनको विवाद सर्वोच्चमा पुगेको थियो। त्यतिबेला बृहत इजलासबाट फैसला भएको थियो। यसअघि गिरिजाप्रसाद कोइराला र मनमोहन अधिकारीले संसद विघटन गर्दा ११।११ न्यायाधीशको बृहत इजलासले फैसला गरेको थियो। अधिवक्ताहरूले बृहत इजलासमा सुनुवाई हुनुपर्ने माग गरे पनि प्रधानन्यायाधीश जबराले संवैधानिक इजलासबाटै टुंगो लगाउने आदेश दिएका छन्।

नेपालको संविधानमा संसद विघटनको पहिलो घटना २०१७ साल पुस १ गते भएको थियो। तत्कालीन राजा महेन्द्रले बीपी कोइराला नेतृत्वको दुईतिहाई बहुमतको कांग्रेस सरकार भंग गरी शाही घोषणामार्फत संसद विघटन गरेका थिए। त्यसपछि उनले बीपीलगायत कृष्णप्रसाद, गणेशमान, लगायतका नेताहरूलाई बन्दी बनाएका थिए। राजा महेन्द्रले तत्कालीन संविधानको धारा ५५ को सहारा लिएका थिए। राजा महेन्द्रले सैन्य 'कु' गरी एकदलीय पञ्चायती शासनको आरम्भ गरेका थिए जुन २०४५ सालसम्म चलेको थियो।

संसद विघटनको दोस्रो घटना २६ असार २०५१ म भएको थियो। तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले ल्याएको नीति तथा कार्यक्रम पास गर्ने उनकै दल कांग्रेसका सांसद अनुपस्थित भएका थिए। नीति तथा कार्यक्रम असफल भएपछि प्रधानमन्त्री कोइरालाले ०५१ कात्तिकमा चुनाव हुने गरी तत्कालीन राजा वीरेन्द्रसमक्ष प्रतिनिधिसभा विघटन गराएका थिए। उनले तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४ अनुसार विघटन सिफारिस गराएका थिए। सो धारामा भनिएको थियो- 'श्री ५ बाट प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधिसभाको विघटन गरिबक्सँदा ६ महिनाभित्र नयाँ प्रतिनिधिसभाका लागि मिति समेत तोकिबक्सनेछ। यही धाराको प्रयोग गर्दै मध्यावधि निर्वाचन भएको थियो र अल्पमतको एमाले सरकारको नेतृत्व मनमोहन अधिकारीले गरेका थिए। अधिकारीले आफूविरुद्ध अविश्वासको प्रस्ताव दर्ता हुन लागेको थाहा पाएपछि सोही धारा प्रयोग गर्दै प्रतिनिधिसभा विघटन गरेका थिए। तर त्यसलाई तीन महिनापछि सर्वोच्चले उल्टाइदिएको थियो। ०५९ मा शेरबहादुर देउवाले राजा ज्ञानेन्द्रसमक्ष संसद विघटनको सिफारिस चढाए। संसद विघटन भयो र राजा ज्ञानेन्द्रको हुकुमी शासन सुरु भएको थियो।

## कांग्रेसले...

आन्दोलनको घोषणा गरेको छ। हिजो बसेको केन्द्रीय कमिटी बैठकले भोलिबाटै सडकमा आन्दोलनमा उत्रिने निर्णय गरेको हो। काठमाडौंमा भोलिदेखि नै दैनिक रुपमा कुनै न कुनै प्रकारको विरोध गर्ने यो समूहको निर्णय छ। देशव्यापी प्रदर्शन १४ गते हुने प्रवक्ता नारायणकाजी श्रेष्ठ प्रकाशले बताए।

## अन्तर्राष्ट्रिय...

भंग गरेको समाचार दिएको छ। द इन्डिया एक्सप्रेसले पार्टीमा शक्तिसंघर्ष बढ्दै जाँदा प्रधानमन्त्री ओलीले संसद विघटन गरेको समाचार दिएको छ। भारतका सबैजसो सञ्चार माध्यमले नेपालको प्रतिनिधिसभा विघटनको विषयलाई प्रमुखताका साथ समाचार दिएका छन्।

चिनियाँ समाचार एजेन्सी सिन्हवाले पनि प्रमुखताका साथ समाचार लेखेको छ। सिन्हवाले नेपालको मन्त्रिपरिषद्बाट संसद विघटनका लागि सिफारिस गर्ने निर्णयको विरोधमा सात जना मन्त्रीले राजीनामा दिएको विषयलाई प्रमुखताका साथ समाचार दिएको छ। न्यूयोर्क टाइम्सले नेपाल राजनीतिक उथलपुथलमा परेको तथा चीन र भारतले नियालिरहेको भन्दै समाचार लेखेको छ। चीन र भारतको प्रभावमा धकेलिँदै आएको नेपालको राजनीतिक भविष्य संकटमा पर्दै गएको न्यूयोर्क टाइम्सको समाचार छ। 'शक्तिशाली छिमेकीहरू भारत र चीनबीच तनाव बढिरहेका बेला नेपालमा राजनीतिक अस्थिरता फेरि सुरु भएको छ। न्यूयोर्क टाइम्सले लेखेको छ।

द वाशिङटन पोस्टले 'सत्तारुढ पार्टीमा शक्ति संघर्षबीच नेपालमा संसद विघटन भएको' भन्दै समाचार दिएको छ। उसले पार्टीभित्रको झगडाले देशलाई अस्थिरतातिर लैजाने उल्लेख गरेको छ। नयाँ चुनाव खर्चिलो हुने भन्दै अघिल्लो पटकको चुनावमा ४७ करोड डलर खर्च भएको पनि लेखेको छ। कोरोना भाइरस विरुद्धको खोपका लागि ६७ करोड अमेरिकी डलर खर्च हुने अनुमानबीच फेरि निर्वाचन खर्च बढ्ने उसले उल्लेख गरेको छ।

एसोसियट प्रेस (एपी) ले पनि नेपाललाई राजनीतिक संकटमा धकेल्ने गरी संसद भंग भएको भन्दै प्रमुखताका साथ समाचार दिएको छ। पूर्व माओवादी समूहका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई अध्यक्ष वा प्रधानमन्त्री दिन नचाहेका कारण पार्टीमा समस्या बढ्दै जाँदा संसद विघटनसम्म आइपुगेको एपीको समाचारमा उल्लेख छ। रोयटर्सले पनि संसद भंगको समाचार अनलाइन संस्करणमा प्रमुखताका साथ छापेको छ। चीन र भारतबीच स्याण्डबीच जस्तो नेपाल ठूला छिमेकीहरूको प्राथमिकताबाट प्रभावित छ। नेपालमा बढ्दो बेइजिङको चक्रब्यूहलाई भारतले आफ्नोतर्फ धकेलिरहेको रोयटर्सले समाचारमा उल्लेख गरेको छ। रोयटर्सको समाचार अलजजिराले पनि प्रकाशन गरेको छ।

## निर्वाचनमा...

जटिल अवस्थामा सरकारले घोषणा गरेको मध्यावधि निर्वाचनमा ३० अर्ब रुपैयाँभन्दा बढी खर्च हुने देखिएको छ।

गत २०७४ को प्रदेश र संघीय चुनावमा निर्वाचन आयोग र सुरक्षा निकाय लगायतले करिब २६ अर्ब रुपैयाँ खर्च गरेका थिए। त्यसको तीन वर्षपछि हुने निर्वाचनमा त्यो खर्च बढेर ३० अर्ब रुपैयाँभन्दा बढी हुनेछ। हालसम्म सरकारले ३ खर्ब ६ अर्ब ९९ करोड राजस्व संकलन गर्न सकेको छ। जुन हालसम्मको लक्ष्यको ९० प्रतिशत हाराहारी हो। चालु आवमा ८ खर्ब ८९ अर्ब ९६ करोड राजस्व संकलन हुने अनुमान छ। त्यस्तै वैदेशिक ऋण ३ खर्ब संकलन गर्ने लक्ष्य राखिएकोमा हालसम्म १४ अर्ब ८६ करोड मात्रै संकलन भएको छ। अनुदानतर्फ ६० अर्ब ५२ करोड संकलन गर्ने लक्ष्य निर्धारण गरिएको छ। तर हालसम्म ५ अर्ब मात्रै प्राप्त भएको छ। यसरी कोरोना उपचार तथा नियन्त्रणका लागि मात्रै होइन, सरकारको दैनिक कामकाज चलाउन पनि स्रोतको समस्या हुने अवस्थामा ३० अर्ब रुपैयाँ अनावश्यक खर्च हुने भएको छ। पाँच पाँच वर्षमा हुनुपर्ने चुनाव समय नपुग्दै गरिँदा अप्रत्यासित खर्च बढ्ने भएकाले कोरोनाबाट भएको क्षतिबाट आर्थिक पुनरुत्थानमा समस्या हुने अर्थविद्हरूको भनाइ छ।

राष्ट्रिय योजना आयोगको एक अध्ययनले कोरोना महामारीबाट विभिन्न क्षेत्रमा परेको असर न्यूनीकरण गर्दै सामाजिक तथा आर्थिक पुनरुत्थानका लागि दीर्घकालीन रुपमा ९ खर्ब २८ अर्ब रुपैयाँ लगानी गर्नुपर्ने देखाएको छ। कोभिड १९ को महामारीको प्रभावबाट जनधनको सुरक्षा गर्न तथा आर्थिक एवं सामाजिक पुनरुत्थानका लागि पहिलो एक वर्षसम्म १ खर्ब १० अर्ब रुपैयाँ लगानी गर्नुपर्ने अध्ययनले देखाएको हो।

## आयात घट्यो...

व्यापारघाटा ५ खर्ब ३४ अर्ब रुपैयाँ रहेको थियो। पाँच महिनामा मुलुकमा सामान आयातवापत १ खर्ब ५० अर्ब ८९ करोड ५० लाख १३ हजार रुपैयाँ राजस्व संकलन भएको विभागको तथ्यांक छ।

पाँच महिनामा सवैभन्दा धेरै ५९ अर्ब ६९ करोड रुपैयाँ बराबरको खनिज इन्धन, ४५ अर्ब २१ करोड ५३ लाख ७० हजार रुपैयाँ बराबरको आइरन स्टील आयात भएको छ। ४४ अर्ब ५३ करोड ९६ हजार रूपैयाको विद्युतीय मेसिनरी सामान र ३६ अर्ब रुपैयाँको सवारी साधनको पार्टपुर्जा आयात भएको तथ्यांक छ। यस्तै ३३ अर्ब ३९ करोड ३५ लाख४ हजार रुपैयाँ बराबरको खाद्यान्न, २५ अर्ब ९ करोड १२ लाख ४ हजार रुपैयाँको तामा आयात भएको छ। यस्तै, ६ अर्ब ७६ करोड १८ लाख ७१ हजार रुपैयाँको चिनी आयात भएको छ। नेपालबाट चिया, अलैंची, अदुवा, पस्मिना, कार्पेट निर्यात भएको छ। यस अवधिमा सवैभन्दा धेरै छिमेकी मुलुक भारतबाट ३ खर्ब ४५ अर्ब ६९ करोड ९२ लाख ८५ हजार रुपैयाँको आयात भएको छ। भारततर्फ ३५ अर्ब ३६ करोड ५६ लाख ५६ लाख ५० हजार रुपैयाँको निर्यात भएको छ।

## संसद विघटनले...

कुरा बुझ्न सकिन्थ्यो। त्यही भएर पनि कुण्ठा बोकेका माकुनेले अवसरको फाइदा उठाइ प्रचण्डलाई केपी ओलीबाट अलग पार्न सफल भए। यी दुई अध्यक्षलाई मिल्न नदिएर अन्त्यमा प्रधानमन्त्रीलाई सरकार पुनर्गठन गर्न पनि नदिई कुनै निर्णय गर्न नसक्ने अवस्थामा पुर्‍याइयो। यसले पनि प्रधानमन्त्रीलाई पार्टी फुटाउने या मध्यावधि जान बल पुगेको थियो।

मध्यावधि निर्वाचन घोषणा गरे पनि निर्वाचनमा जाने या मिलिजुली नयाँ सरकार बन्ने हो सर्वोच्चको निर्णयपछि मात्र भन्न सकिने अवस्था छ। सर्वोच्चको फैसलामा मध्यावधि निर्वाचनको घोषणा रद्द भए पनि प्रधानमन्त्रीले कर्फ्यु लगाएर पनि अघि बढ्न सक्छन्। नेकपाको आन्तरिक विवादले जनताको विकासको आशा निरासातर्फ लागेको छ भने देश अस्थिरतातर्फ लम्कन्न बाध्य भएको छ।

ठूला भ्रष्टाचारीलाई कारबाही गर्ने प्रयास नगरेको कारण जनतामा यो सरकार अलोकप्रिय भइरहेको थियो। यही मौकामा नेकपा इत्तर पक्षले प्रधानमन्त्रीलाई झनै बदनाम गर्ने गरी विभिन्न दोषारोपण गरिरहेका थिए। जनताले अत्यन्त आशा र भरोसा गरेको नेकपाको बहुमतको सरकारले सुरुमा ठूला योजनाहरू अघि बढाउन थालेपछि जनता धेरै आसावादी थिए। तर जनताका दैनिकीमा कुनै सकरात्मक अन्तर आएन। कृषकका समस्या ज्यूँका त्यूँ रहे। स्वदेशमा रहेका तथा विदेशबाट आएका युवाहरूको रोजगारको सुनिश्चितता भएन। माथिदेखि स्थानिय निकायसम्म फजुल खर्च र भ्रष्टाचारको संजाल डरलाग्दोसँग बढेर गयो। अख्तियारले ठूला भ्रष्टाचारीलाई बचाउने प्रयासमात्र गर्‍यो। अख्तियारका पूर्वप्रमुख स्वयं करोडौंको भ्रष्टाचारमा समातिए। त्यसैले अब निर्वाचनमा जाने दलले कुनै पनि हालतमा भ्रष्टाचारीलाई नछोड्ने गरी कानुन बनाउने, सरकारको खर्च घटाइ मितब्ययी बन्ने, संसदको संख्या घटाउने कार्य गर्ने घोषणा गर्दै नयाँ नीति र नियम ल्याउनु पर्छ।

निर्वाचनमा जाने जनप्रतिनिधिले अत्यन्त धेरै खर्च गर्न बाध्यता हुने र यसका लागि व्यापारी र तस्करसँग पैसा प्राप्त गर्दा पनि भ्रष्टाचार बढ्नलाई मलजल पुगिरिरहेको छ। भ्रष्टाचार नियन्त्रण गर्न पनि सबभन्दा प्रमुख विषयमा सरकार प्रमुख जनताबाट प्रत्यक्ष छान्ने र सांसदभन्दा बाहिरबाट विज्ञहरूमध्येबाट सानो मन्त्रिमण्डल छनौट गर्ने गरी संविधान संसोधन हुन आवश्यक छ। यसबाट चुनाव जितेर मन्त्री बन्ने अनि अकुत सम्पति कमाउने प्रणालीको अन्त्य हुन सक्छ।

नेपालमा संघियता, धर्मनिरपेक्षता, तथा गणतन्त्र नेपाली जनताको चाहनामा आएको होइन। यस विषयमा पुनः सोचविचार गरी सबैलाई समेट्ने गरी नयाँ संसोधित संविधान ल्याउन सके यसले ९० प्रतिशत नेपालीको चाहना पूरा गर्नेछ। ठूला भ्रष्टहरूलाई कारबाही गर्न उच्चस्तरीय आयोग बनाई त्यसबाट भ्रष्ट देखिएका व्यक्तिको सम्पति जफत गरी निजहरूलाई आजन्म जेल हाल्न सकेमात्र नेपालमा भ्रष्टाचार नियन्त्रण हुनसक्छ। त्यसपछि मात्र सुशासनसहितको सरकारले देश विकास गर्न सक्नेछ। यदि नयाँ निर्वाचनपछि जोसिला युवाशक्तिले नेतृत्व लिन सके नयाँ निर्वाचनबाट फाइदा लिन सकिन्छ। अन्यथा उनै भ्रष्ट र राष्ट्रहित विरोधी निर्णय गर्दै दलाल र तस्करमात्र पोस्ने बुढा नेताको छनौट गर्न चुनाव गराउनुको कुनै अर्थ छैन। अन्यथा अरबौं खर्च गरेर देशलाई झनै गरिब बनाउनु मात्र हुनेछ।

मध्यावधि निर्वाचनको विरोधमा अदालतमा मुद्दा परिसकेको अवस्थामा अदालतको निर्णयलाई पर्खनै पर्छ। यदि निर्वाचन गर्नमा कुनै बाधा भएन भने निर्वाचनको समयमा गुण्डागर्दी, झैझगडा, हिंसा भड्किने सम्भावना धेरै रहन्छ। खासगरी नेकपा फुटेपछि उनीहरू बीचमा एकअर्का विरुद्ध गालिगलौज र झगडा चर्किने सम्भावना छ। सायद कर्फ्यु लगाउने आवश्यकता पनि पर्न सक्छ। यसले गर्दा सुरक्षा निकायको जिम्मेवारी झन् धेरै बढ्ने छ।

खुला सिमानाका कारण भारतले नेपालमा अस्थिरता बढाउने प्रयास पनि गर्न सक्छ। यसका लागि सरकारले सुरक्षा सम्बन्धमा भारतसँग कुटनीतिक वार्ता भने गर्नैपर्छ। यदि निर्वाचन नभई मिलिजुली सरकार बन्ने अवस्था आएमा त्यो सरकार अस्थिर र यसबाट देशको विकासमा सहयोग पुग्नुको सट्टा सत्ता, शक्ति र साधन स्रोतको अत्यन्त दुरुपयोग हुनसक्छ। नेपाली जनताका लागि यो दुर्भाग्य नै हो। देशले बहुमतको सरकार पाए पनि ५ वर्ष चलाउन नसक्ने हाम्रा स्वार्थी भ्रष्ट तथा गुट गुटका नेता र भारत जस्तो हेपाहा र नेपाललाई अस्थिर र कमजोर बनाएर सधैँ फाइदा लिन खोज्ने तुच्छ स्वभावको देश हाम्रो छिमेकी हुनु पनि हामी नेपालीको दुर्भाग्य नै हो।